# विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा
व्यवस्थापनविभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रोवर्षको
(एड.५९८) विषयको आंशिक आवश्यकता
परिपूर्तिका लागि प्रस्तुत

शोधपत्र

शोधकर्ता
गुणराज ढकाल
परीक्षा रोल्नं. २१८००७३/२०७३
त्रि.वि. दर्ता नं. ९-२-२१४-११२-२००९
क्याम्पस.रो.न. : ८२/२०७२-२०७३

जनता बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
ईटहरी, सुनसरी
२०७५

शोधपत्र पेश गरेको मिति
वि.सं. : २०७५/१२/२०
ई.सं. :3rd April, 2019

शोधपत्र भाइवा मिति
वि.सं. : २०७६/०१/२०
ई.सं. :3rd May, 2019

## प्रतिबद्धता पत्र

प्रस्तुत विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका शीर्षकको शोध पत्र मेरो आफ्नै प्रयास र सहभागीतामा तयार पारिएको हो । यसमा संलग्न तथ्याङ्कहरु यथार्थ  र वास्तविक छन् । यो शोधपत्र मार्फत् कोही र कसैमाथि पर्न जाने असरको जिम्मेवारी म स्वयम् हुने प्रतिबद्धता व्यक्त गर्दछु ।

.................................

गुणराज ढकाल

शोधकर्ता

# जनता बहुमुखी क्याम्पस

०२५ - ५८१३००

इटहरी, सुनसरी

५८००६४

स्थापित : २०४५

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र सङ्काय

प.सं.

च.नं.

मिति- २०७५/१२/२०

## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस शैक्षिक योजना तथा व्यवस्थापन विभागअन्तर्गत एम.एड दोस्रो वर्षका विद्यार्थी गुणराज ढकालले **विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । प्रस्तुत शोधपत्र सम्बन्धित तहका निमित्त उपयुक्त भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

........................

शोध निर्देशक

विमल नेपाल

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन बिभाग स्नातकोत्तर तह द्वितीय बर्षको अनिवार्य पत्रको रुपमा आंशिक आवश्यकता पूरा गर्नका लागि तयार पारिएको प्रस्तुत शोधपत्र वराहक्षेत्र न.पा स्रोतकेन्द्र अन्तरगत रहेका सामुदायिक विद्यालयमा "सामुदायिक विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका" शीर्षकमा अध्ययन गरिएको छ। यस शीर्षकमा शोध गर्ने अवसर प्रदान गरेकोमा शैक्षिक योजना तथा व्यवस्थापन विभाग जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी प्रति आभार प्रकट गर्दछु। यो शोध पत्र तयार गर्ने क्रममा अभिमुखिकरण कार्य देखि अन्त्यसम्म निरन्तर रूपमा आवश्यक सर सल्लाह, सुझाव तथा कुशल मार्गनिर्देशन गरी अमूल्य सहयोग प्रदान गर्नुहुने श्रद्धेय विभागिय प्रमुख शान्तिराम दाहाल तथा शोध निर्देशक श्री विमल नेपाल प्रति कृतज्ञता ज्ञापन गर्दछु। आवश्यक परेको समयमा सरसल्लाह दिनुहुने गुरूहरू टोलनाथ काफ्ले, राजन शर्मा, वेणु सिटौला प्रति पनि म आभारी छु। सूचना तथा तथ्याङ्क संकलनका क्रममा आफ्नो अतुलनीय समय, जानकारी र सुचना प्रदान गर्नुहुने प्र.अ.हरू, वि.व्य.स अध्यक्ष शि.अ.स अध्यक्ष र अभिभावकहरूलाई हृदय देखिनै धन्यवाद दिन चाहान्छु। यस शोध कार्यलाई शुद्वा शुद्वि हेरेर सहयोग गर्ने श्री भानुभक्त ढकाल र मेरा हरेक कार्यप्रति सदैब श्रद्धा र प्रेमभावका साथ सहयोग र प्रोत्साहन गर्नुहुने प्रेरणादायी आमा उर्मिला ढकाल प्रति सहर्ष आभार प्रकट गर्दछु।

२०७५, चैत्र
गुणराज ढकाल

शोधकर्ता

# शोधसार

सामुदायिक विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका शीर्षकको शोधपत्र तयार गरिएको छ । अध्ययनको मुख्य उद्देश्य अन्तरगत सामुदायिक विद्यालय व्यवस्थापनको वर्तमान अवस्था पहिचान गर्नु , विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका विश्लेषण गर्नु, विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिकालाई प्रभाव पार्ने तत्त्वको खोजी गर्नु, विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका लाई अभिवृद्धि गर्ने उपायहरुको खोजी गर्नु रहेको छ ।

यो अध्ययनमा एफ.डब्लु टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त (१९११) र भिगोत्कीको सामाजिक विकासको सिद्धान्त (१९७८) लाई सैद्धान्तिक आधारको रुपमा लिइएको छ । अध्ययनका लागि सुनसरी जिल्लाको वराहक्षेत्र नगरपालीका अन्तरगत वराहक्षेत्र स्रोतकेन्द्र भित्र रहेका ५० ओटा सामुदायिक विद्यालय मध्ये १० ओटा विद्यालय लाई छनोट गरिएको छ । जसका प्रधानाध्यापक,विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ,शिक्षक अभिभावक संघका अध्यक्ष र प्रत्येक विद्यालयबाट २/२ जान अभिभावकलाई नमुनाका लागि छनोट गरीएको छ । नमुना छनोट गरिएका जनसङ्ख्या बाट प्रश्नावलि फारम, अन्तरवार्ता सूचि र लक्षित समूह छलफल निर्देशिका मार्फत् तथ्याङ्क संकलन गरी उक्त तथ्याङ्कलाई वर्णनात्मक विधिबाट ब्याख्या विश्लेषण गरिएको छ ।

नमुना छनोटमा परेका विद्यालयहरुको शैक्षिक व्यवस्थापनको वर्तमान अवस्था अध्ययन गर्दा विद्यालयहरुलेसबै प्रकारका शैक्षिक योजनाहरु निर्माण गरी सोही अनुरुप विद्यालयका कार्यक्रमहरु सञ्चालन गर्ने गरेको, विद्यार्थी सङ्ख्या अनुरुप शिक्षक दरबन्दि नरहेको, ,आवश्यक मात्रामा शैक्षिक समाग्री नरहेको ,विद्यालयका तथ्याङ्कहरुलाई शैक्षिक सूचना प्रणाली पद्धतिमा कम्प्युटरको माध्यमबाट व्यवस्थित गर्ने गरेको पाईयो । त्यसै गरीविद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिकाविश्लेषण गर्दा विद्यालयको नीति तथा योजना निर्माणमा शिक्षक अभिभावक संघको भूमिका प्रभावकारी नरहेको देखिन्छ । शिक्षक तथा कर्मचारी नियुक्तिका पनि शिक्षक अभिभावक संघको संलग्नता नरहेको दखिन्छ । त्यस्तैगरी शिक्षकाको गुणस्तर वृद्धि गर्नका लागि पनि ठोस कार्य गर्न नसकेको पाईयो भने विद्यालयको अनुगमन र मूल्याङ्कनमा पनि शिक्षक अभिभावक संघको भूमिका कमजोर पाईयो । यद्यपि विद्यालयको सामाजिक लेखापरीक्षण गर्न, विद्यालयलाई आवश्यक

पर्दा जनश्रमदान गर्न र जनसहभागीता जुटाउनका लागि भने शिक्षक अभिभावक संघले आफ्नो भूमिकानिर्वाह गरेको देखिन्छ । त्यस्तै विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका लाई अभिभावकहरुको कमजोर शैक्षिक चेतनाको स्तर, कमजोर आर्थिक तथा सामाजिक स्तर, समयको अभाव, विद्यालय र शिक्षक अभिभावक संघ बीच समन्वयको अभाव, अभिभावकलाई विद्यालय व्यस्थापनमा आफ्नो भूमिका बारे जानकारी नहुनु भन्ने पाईयो । यसैगरी  विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका लाई अभिवृद्धि गर्ने उपायहरु खोजी गर्दा विद्यालयको नीति तथा योजना निर्माणमा अभिभावकलाई सहभागी गराउने, विद्यालयको अनुगमन र मूल्याङ्कनमा अभिभावकलाई सरिक गराउने, विद्यार्थी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षक तथा अभिभावक बीच सहकार्य गर्ने, विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका बारे अभिभावकहरुलाई शिक्षा दीने जस्ता उपायहरु पाईयो ।

यसैगरी विद्यालयका नीति नियम तथा योजनाहरु निर्माण गर्दा अभिभावकहरुलाई अनिवार्य रुपमा संलग्न गराउनु पर्दछ । विद्यालयको काम कार्वाहीको अनुगमन, निरिक्षण र मूल्याङ्कन गर्नका लागि शिक्षक अभिभावक संघलाई सहभागी गराउनु पर्दछ विद्यार्थी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षक तथा अभिभावक बीच सहकार्य गर्नु पर्छ । यसैगरी विद्यालयले नियमित रुपमा अभिभावकलाई उनीहरुको बालबालिकाको सिकाई उपलब्धि बारे जानकारी दीने गरिनु पर्दछ । सरोकारवाला तथा विद्यालय शिक्षा सँग सम्बन्धित अनुसन्धान गर्ने अनुसन्धाताले विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका के हुन सक्छ, विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिकालाई के ले प्रभाव पारीरहेको छ , विद्यालय व्यवस्थापनमा उनीहरुको भूमिकालाई प्रभावकारी बनाउन के कस्ता उपायहरु अपनाउनु पर्दछ भन्ने जस्ता विषयहरुमा अध्ययन तथा अनुसन्धान गरी प्राप्त सुझाहरुलाई कार्यान्वयन गरिनु पर्दछ भन्ने सुझाव सहित यस शोधकार्यलाई अन्त्य गरिएको छ ।

# विषय सूची


विवरणपृष्ठ

**परिच्छेद एक : परिचय१–८**

१.१. अध्ययनको पृष्ठभूमि १

१.२. समस्याको कथन ५

१.३. अध्ययनको औचित्य ६

१.४. अध्ययनको उद्देश्य ६

१.५.अनुसन्धानात्मक प्रश्नहरू ७

१.६.अध्ययनका परिसीमा७

१.७ सम्बन्धित शब्दावलीहरुको परिभाषा ८

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका ९–१६**

२.१.अध्ययनको सैद्धान्तिक खाका ९

२.२.सम्बन्धित साहित्यको पुनरावलोकन १०

२.३. पुनरावलोकनको उपादेयता १५

२.४ अवधारणात्मक खाका १६

**परिच्छेद तीन : अध्ययन बिधि** १७–२०

३.१. अनुसन्धान ढाँचा १७

३.२. अध्ययनको क्षेत्र १७

३.३. अध्ययनको जनसङ्ख्या १७

३.४ नमूना छनोट विधि र नमूनाको आकार १७

३.५ तथ्याङ्को स्रोत १९

३.६. अनुसन्धानका साधन १९

३.७. तथ्याङ्क संकलन प्रक्रिया २०

३.८. तथ्याङ्क विश्लेषण प्रक्रिया २०

**परिच्छेद चार : नतिजाको छलफल र बिश्लेषण** २१–४२

४.१. विद्यालयको शैक्षिक व्यवस्थापनको वर्तमान अवस्था २१

४.१.१ शैक्षिक योजना निमार्ण तथा व्यवस्थापन २१

४.१.२ शिक्षक कर्मचारी व्यवस्थापन २२

४.१.३.विद्यार्थी व्यवस्थापन २६

४.१.४कक्षाकोठा व्यवस्थापन २७

४.१.५ शैक्षिक सामाग्री व्यवस्थापन २८

४.१.६ अभिलेख व्यवस्थापन २८

४.२. विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका २९

४.२.१ शैक्षिक योजना निमार्ण २९

४.२.२ शिक्षक कर्मचारी नियुक्ति ३१

४.२.३ स्रोतसाधनको व्यवस्थापन र परिचालन ३२

४.२.४ विद्यालयका क्रियाकलापको अनुगमन र मूल्याङ्कन ३३

४.२.५ सामाजिक लेखा परिक्षण ३४

४.२.६ विद्यालय व्यवस्थापनमा जनसहभागीता जुटाउने ३४

४.२.७ शैक्षिक गुणस्तर वृद्धिका लागि काम गर्ने ३५

४.३. विद्यालय व्यवस्थापन शिक्षक अभिभावक संघको भूमिकालाई प्रभाव पार्ने तत्त्व ३७

४.३.१ अभिभावकको शैक्षिक चेतनाको स्तर ३७

४.३.२ अभिभावकको आर्थिक सामाजिक स्तर ३९

४.३.३ प्रधानाध्यापक र शिक्षक सँगको सम्बन्ध ४०

४.३.४ घर देखि विद्यालय सम्मको दुरी ४१

४.३.५ समयको उपलब्धता ४१

४.४ विद्यालय व्यवस्थापन शि. अ. सं. को भूमिकालाई अभिवृद्धि गर्ने उपायहरु ४२

**परिच्छेद पाँच : निस्कर्ष र सुझावहरू** ४५-४६

५.१.निस्कर्ष ४५

५.२. सुझावहरू ४६

सन्दर्भ सामग्रीहरू

अनुसूचीहरू

# तालिका सूचि


| | | |
|---|---|---|
| | | पेज |
| तालिका- १ | नमुना छनोट विवरण | १८ |
| तालिका- २ | विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको विवरण | २२ |
| तालिका- ३ | शिक्षक नियुक्ति प्रक्रिया | २४ |
| तालिका- ४ | कक्षा कार्यभार | २५ |
| तालिका- ४ | विद्यार्थी सङ्ख्या | २६ |
| तालिका- ६ | योजना निर्माणमा शिक्षक अभिभावक संघको भूमिका | २९ |
| तालिका- ७ | शिक्षक नियुक्ति प्रक्रिया शिक्षक अभिभावक संघको भूमिका | ३० |
| तालिका- ८ | अनुगमन र मूल्याङ्कनमा शिक्षक अभिभावक संघको भूमिका | ३२ |
| तालिका- ९ | शैक्षिक गुणस्तर वृद्धिमा शिक्षक अभिभावक संघको भूमिका | ३५ |
| तालिका- १० | अभिभावक, शि.अ.स अध्यक्ष र वि.व्य.स अध्यक्षको शैक्षिक योग्यता | ३७ |
| तालिका- ११ | अभिभावक, शि.अ.स अध्यक्ष र वि.व्य.स अध्यक्षको पेशा | ३८ |
| तालिका- १२ | विद्यालय व्यवस्थापनमा शि.अ.स को भूमिका वृद्धि गर्ने उपाय | ४१ |

# सङ्क्षिप्त रुप

प्र.अ - प्रधानाध्यापक

वि.व्य.स. - विद्यालय व्यवसथापन समिति

शि.अ.स. - शिक्षक अभिभावक संघ

न.पा –नगरपालिका

# परिच्छेद एक :परिचय

## १.१अध्ययनको पृष्ठभूमि

मानव सभ्यताको विकासका साथसाथै व्यवस्थापनको पनि सुरुवात भएको पाईन्छ ।इजिप्ट र रोमन सभ्यतामा व्यवस्थापनको अवधारणा विकसित भएपनि औद्योगिक क्रान्ति पश्चात मात्र औपचारिक व्यवस्थापनको प्रक्रिया सुरु भएको पाईन्छ । सामान्यत उपलब्ध साधन र स्रोतलाई संघ संस्थाको लक्ष्य तथा उद्देश्य अनुरुप अधिकतम उपलब्धि हुने गरी सही प्रयोग र परिचालन गर्ने कार्यलाई व्यवस्थापन भन्निछ ।व्यवस्थापनको विचारहरूको विकास प्रक्रिया क्रमिक रुपमा भइको पाईन्छ । प्राचीन अवस्थामा मानिसहरूले जनसामुहिक रुपमा कार्य गर्न थाले । त्यसबेलादेखि विभिन्न कार्यको समन्वय गर्नु पर्ने भयो । तसर्थ व्यवस्थापनको उत्पत्ति एवम् विकास मानव सभ्यताको विकास सँगसँगै भएको मान्न सकिन्छ ।

मेरी पार्कर फोलेट (१८९८) का अनुसार व्यवस्थापन भनेको समस्याको प्रभावकारी रुपमा समाधान गर्दै परिवर्तित वातावरणमा संगठनमा उद्देश्य प्राप्त गर्न साधन र स्रोतहरुलाई कुशल तरिकाबाट परिचालन गर्ने प्रक्रिया हो । व्यवस्थापन कुनै पनि संस्थाको अभिन्न अंग मात्र नभएर हाम्रो जीवनको एउटा आधार पनि हो ।व्यवस्थापन एउटा नाफा कमाउने संस्थादेखि लिएर नाफा नकमाउने संस्था जस्तै शैक्षिक संस्था, क्लब, अस्पताल ,खेलकुद संस्था, सैनिक संस्था, मन्दिर, चर्च आदिमा समेत प्रयोग हुँदैआएको छ । मानिसहरूबाट काम पुरा गर्ने कला नै व्यवस्थापन हो ।

काफ्ले र पौडेल (२०६४) का अनुसार कुशलतापूर्वक मानिसहरू र स्रोत साधनको उचित प्रबन्ध मिलाउने प्रक्रियालाई व्यवस्थापन भन्निछ । यसरी मानिसहरू र स्रोत साधनहरूको व्यवस्थापन गर्ने कार्यलाई व्यवस्थापन भन्न सकिन्छ ।संस्थाको उद्देश्य हासिल गर्नका लागि संगठनमा प्रयोग हुने विभिन्न साधनहरूको प्रभावकारी रुपमा प्रयोग गर्नु व्यवस्थापन हो ।

कोइराला (२०६९) का अनुसार शैक्षिक व्यवस्थापन भन्नाले शैक्षिक उद्देश्य प्राप्तिका लागि योजना, संगठन, कर्मचारी नियुक्ति कार्य सम्पादन,मूल्याङ्कन उत्प्रेरणा तथा समन्वय गर्नु र नवप्रर्वतक कार्यद्धारा संगठित संस्थाको निर्धारित लक्ष्य हासिल गर्नका लागि साधनहरुको संकलन गरी व्यवस्थित ढङ्गबाट समन्वय गरी परिचालन गर्ने प्रक्रियानै व्यवस्थापन हो । शिक्षण सिकाईसँग सम्बन्धित विभिन्न पूर्वाधारहरू निर्माण गर्ने,नीति नियम बनाउने, शिक्षक

व्यवस्थापन गर्न, शैक्षिक सामाग्री जुटाउने,शिक्षण सिकाई कार्यलाई कार्यान्वयन गर्ने प्रक्रिया नै शैक्षिक व्यवस्थापन हो ।

हाम्रो शिक्षाको इतिहास हेर्दा २००७ साल भन्दा अगाडि शिक्षाको विद्यालय स्तरको संगठनमा खासै औपचारिक रुप प्राप्त भएको पाईदैन । प्राचीन रुपमा शिक्षामा परम्परागत रुपमा चल्दै आएका सामाजिक मूल्य र मान्यताहरु एक पिँढीबाट अर्को पिँढीमा हस्तान्तरण गर्दै जाने पारिवारिक शिक्षा प्रणाली रहेको पाईन्छ । यसरी हेर्दा वैदिक कालमा सर्वप्रथम आमाबुबा नै शिक्षा दिने गुरु थिए । बाबुआमापछि ऋषिमुनिहरु गुरुका रुपमा थिए । यस बखत समाजमा प्रचलित रीतिरिवाज, चालचलन, जीवनको आर्दश,धार्मिक तथा सामाजिक मान्यता आदिका बारेमा घरमा नै शिक्षा दिईन्थ्यो । त्यसैले पहिलो शिक्षाका केन्द्र घर थियो भने दोस्रो चरणमा गुरु आश्रम विद्या केन्द्र थिए । शिक्षण केन्द्रको व्यवस्थापन,सञ्चालन तथा प्रशासन गुरुबाटै हुन्थ्यो । विद्या दान नै महादान भन्ने त्यतिखेरका गुरुहरुमा हुन्थ्यो ।त्यस्तै धार्मिक स्थल मठ मन्दिर पनि प्राचीनकालका विद्याकेन्द्र थिए ।

गौतम (२०७४) का अनुसार २००७ सालमा प्रजातन्त्रको आगमन पश्चात विद्यालय शिक्षाको व्यवस्थापनको जिम्मेवारी स्थानीय विद्यालय सञ्चालक समितिलाई थियो । शिक्षक नियुक्ति गर्ने, पाठ्यक्रम स्वीकार्ने, चन्दा उठाउने जस्ता महत्त्वपूर्ण कार्य गर्ने अधिकार विद्यालय व्यवस्थापन समितिलाई नै थियो । त्यसबेला शिक्षक र अभिभावकको सम्बन्ध राम्रो थियो । अभिभावक र शिक्षाकको जिबन्त सम्बन्धलाई भत्काउने काम २०२८ को शिक्षा योजनाको पद्धतिले गऱ्यो । २०२८ को शिक्षा ऐनले विद्यालयको सम्पूर्ण व्यवस्थापन गर्ने काम जिल्ला शिक्षा समितिमा आयो । यस पूर्व व्यवस्थापनसम्बन्धि सञ्चालक समितिमा निहीत सबै अधिकार जिल्ला शिक्षा समितिमा  सऱ्यो । नेपालको संविधान २०७२ ले माध्यामिक तह सम्मको शिक्षाको अधिकार स्थानीय निकायलाई दिएको छ । त्यसैगरी शिक्षा ऐनअनुसार विद्यालय स्तरमा सामुदायिक  विद्यालयको सञ्चालन र व्यवस्थापन गर्ने अधिकार विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई दिएको छ ।

वाग्ले र शर्मा (२०७४) का अनुसार एउटै कार्य र प्रक्रियाकारुपमा रहेका भिन्नभिन्न उद्देश्य,मुल्य, मान्यता र विश्वास भएका व्यक्ति र व्यक्तिका समूहलाईउपलब्ध स्रोतसाधन र प्रविधिका माध्यमबाट पाठ्यक्रमद्वारा निर्दिष्ट उद्देश्य प्राप्तिका लागि समन्वयात्मक रुपमा परिचालन गरी विद्यार्थीहरूमा उच्चतम सिकाई उपलब्धितर्फ उन्मुख गरिने समग्र व्यवस्थापन नै विद्यालय व्यवस्थापन हो । व्यवस्थापकीय सिद्धान्तका दृष्टिले विद्यालय

व्यवस्थापन भनेको पाठ्यक्रमद्वारा निर्दिष्ट उद्देश्य हासिल गर्न उपलब्ध भौतिक मानवीय,आर्थिक तथा प्रविधिगत स्रोतसाधन संकलन, परिचान र समन्वय हो । समाजशास्त्रीय सिद्धान्तक दृष्टिककोणका आधारमा भन्नुपर्दा  विभिन्न उद्देश्य, मुल्य ,मान्यता व्यक्ति र व्यक्तिका समूहलाई समन्वयात्मक रुपमा परिचालन गरी पाठ्यक्रमद्वारा निर्दिष्ट शैक्षिक उद्देश्य प्राप्तिका लागि उन्मुख गराउने प्रक्रियालाई विद्यालय व्यवस्थापनको रुपमा बुझ्नुपर्ने हुन्छ भने शैक्षिक दृष्टिले मानवीय, भौतिक,आर्थिक रप्रविधिगत स्रोतसाधनको प्रयोग गरी पाठ्यक्रमद्वारा निर्दिष्ट शैक्षिक उद्देश्य पुरा गर्न विद्यार्थीमा सिकाई उपलब्धि हासिल गराउन पूरा गरिने कार्य विद्यालय व्यवस्थापन हो ।

कुनै पनि व्यक्ति वा संस्थाले आफ्ना आवश्यकताहरूएकल प्रयासबाट पुरा गर्न नसक्ने भएकाले समूहमा आवद्ध भएर आफ्ना उद्देश्यहरू सामुहिक प्रयासबाट पूरा गर्न चाहान्छन ।यसरी सामूहिक प्रयासबाट साझा उद्देश्य पुरा गर्न आवद्ध भएका मानिसहरूको समूहलाई संगठन भन्निछ । यसरी हेर्दा विद्यालय पनि एक संगठन हो । जसको उद्देश्य पाठ्यक्रमद्वारा निर्दिष्ट उद्देश्य प्राप्तिका लागि प्रधानाध्यापक, शिक्षक, अभिभावक तथा विद्यार्थीहरूसामूहिक रुपमा कार्य  गर्दछन । विद्यालयको उद्देश्यहरू पुरा गर्नको लागि एकल प्रयास मात्र सम्भव हुदैन जसका लागि प्रधानाध्यापक, शिक्षक र अभिभावकको त्रिपक्षीय भूमिका महत्त्वपूर्ण हुन्छ ।

विकिपिडियाका अनुसार शिक्षक अभिभावक संघ विद्यालयका आधारित संस्था हो । जसको लक्ष्य बालबालिकालाई सिक्नको लागि वातावरण निर्माण गर्नु हो । सामान्यतया शिक्षक अभिभावक संघका सदस्यहरूले विद्यालयमा स्वयमसेवकको रुपमा काम गर्छन् । उनीहरूले विद्यालयका लागि आर्थिक तथा भौतिक स्रोतसाधन जुटाउन सहयोग गर्छन् ।

नगरे (२०१४) का अनुसार शिक्षक अभिभावक संघ विद्यलायमा भर्ना भएका विद्यार्थीका अभिभावक र शिक्षक मिलेर बनाएको एक औपचारिक निकाय हो । जसले विद्यालयका उद्देश्यहरू प्राप्त गर्नका लागि  कार्य गर्नुका साथै आफ्ना बच्चाहरुको शिक्षालाई बढावा दिने काम गर्दछ  ।

ईनाओ (२०१३) का अनुसार एक सामाजिक प्रणालीका रुपमा विद्यालय एक सानो समाज हो । जुन ठूलो समुदायमा अवस्थित छ । विद्यालयको कार्यहरुलाई सुचारु गर्न, कार्य सम्पादन गर्नका लागि विद्यालयमा एक शिक्षक अभिभावक संघ रहन्छ । जसले विद्यालयमा व्यवस्थापकको काम गर्दछ । उनीहरूको उद्देश्य शिक्षक र अभिभावकको सार्वजनिक र निजी साझेदारीमा आफ्ना बच्चाहरूको शिक्षलाई बढावा दिनु हो । वैश्विक परिप्रेक्ष्यमा विद्यालय

व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका महत्त्वपूर्ण रहेको छ । संयुक्त राज्य अमेरिकामा शिक्षक अभिभावक संघले पाठ्यक्रय निमार्ण गर्ने, विद्यालय कानुनका लागि पहल गर्ने, विद्यालयको गतिविधिको मूल्याङ्कन गर्ने जस्ता कार्य गर्दछ । यसैगरी शिक्षक र अभिभावकाबीच पुलको काम गर्दछन्,अभिभावकलाई आफ्ना शैक्षिक बिचारहरु राख्न मद्दत गर्नुका साथै अभिभावकलाई आफ्ना बच्चाहरूको शिक्षामा सहभागी गराउनका लागि पहल गर्दछन् ।

यसरी हेर्दा शिक्षक अभिभावक संघ शिक्षक रअभिभावकको पारस्परिक स्रोत हो । यसले समुदायलाई फाईदा पुऱ्याउँछ । विद्यालयका कार्यहरु सुचारु गर्न मद्दत गर्छ । शिक्षाको गुणस्तर सुधार गर्न,विद्यालय व्यवस्थापनमा अभिभावकलाई सहभागी गराउन, विद्यालय प्रति अभिभावकको अपनत्व बढाउन शिक्षक अभिभावक संघको भूमिका महत्त्वपूर्ण हुन्छ ।

विद्यालयहरू समाजमा, समाजका लागि खुल्छन । विद्यालयले समाजका मूल्य र मान्यता, संस्कृति, प्रगति, भावी पिंढीमा अधिकार समेत सुसज्जित हुने गर्दछ । विद्यालय र समाज एकै सिक्काका दुई धार हुन् । त्यसैले विद्यालय बिना समाजको कल्पना पनि गर्न सकिदैन । समाजलाई सही बाटोमा ल्याउन सामाजिक मूल्य मान्यता र संस्कारलाई सकारात्मक परिवर्तन गर्न उपयुक्त वातावरण बनाई विद्यालयले निर्वाह गर्ने भूमिका व्यक्ति, समाज र राष्ट्रकै लागि उपयोगी रहन्छ  र विद्यालय सन्चालनका लागि समाजको हरेक सदस्यको योगदानको पनि उत्तिकै महत्त्व रहन्छ । समाजको प्रगति र उन्नतिका लागि विद्यालय स्थापना हुने भएकाले समाजको योगदान र सहभागितालाई ठूलो महत्त्व दिइन्छ । यसरी हेर्ने हो भने समाज र विद्यालयको सम्बन्ध सुमधुर हुनुपर्दछ । सामुदायिक विद्यालय सुधार गर्नका लागि  विद्यालयमा अभिभावकको भूमिका रहनु पर्छ । यसै कुरालाई मध्यनजर गर्दै शिक्षा नियमावलिमा विद्यालय व्यवस्थापनमा अभिभावकलाई संलग्न गराई  विद्यालय र अभिभावकबीच सुमधुर सम्बन्ध राख्नका लागि शिक्षक अभिभावक संघको व्यवस्था गरिएको छ ।

आचार्य (२०७५) का अनुसार नेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०११ को प्रतिवेदनमा शिक्षक तथा आमाबाबुबीच राम्रो सर्म्पक बढाउन स्थानीय,जिल्ला तथा राष्ट्रिय आधारमा शिक्षक आमाबाबु  संघको स्थापना  हुनुपर्छ भनी सिफारिस गरिएको थियो । बहुदलीय व्यवस्थाको स्थापनापछि विभिन्न आयोगहरूले अभिभावकको संलग्नता वृद्धि गर्नुपर्ने कुरा उल्लेख गरे पनि कानुनी व्यवस्था गरेको थिएन । तर शिक्षा ऐन सातौं संशोधन

(२०५८) को मर्मअनुसार शिक्षा नियमावली,२०५९ ले शिक्षक  र अभिभावकबीच निरन्तर सम्पर्क र भेटघाट बढाउन शिक्षक अभिभावक संघ गठन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

शिक्षा नियमावली (२०५९) का अनुसार सामुदायिक विद्यालयका शिक्षक तथा अभिभावकहरू सदस्य रहने गरी एक शिक्षक अभिभावक संघ रहनेछ । जसमा प्रधानाध्यापक,कम्तिमा एक जना शिक्षक तथा अभिभावकहरू समेत रहने गरी बढिमा एघार सदस्यीय शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गनुपर्ने छ । जसको काम कर्तव्य र अधिकार देहाय बमोजिम छन्ः-

क)विद्यालयको शैक्षिक गुणस्तर कायम गर्नका लागि आवश्यक काम गर्ने,

ख)नियमावली बमोजिम विद्यालयले आवश्यक काम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने, र सोको सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाब दिने,

ग)विद्यालयको शैक्षिक गतिविधि बारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा अन्तरक्रिया गर्ने,

घ)विद्यालयको वार्षिक लेखा परीक्षण गर्ने ।

यसरी हेर्दा शिक्षक अभिभावक संघले विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि र गुणस्तरीय शिक्षा उपलब्ध गराउनका लागि अझै बढि कर्तव्य बोध र थप सक्रिय भई विद्यालय व्यवस्थापन र सञ्चालनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु पर्ने अवस्था सिर्जना भएको छ । विद्यालय शिक्षाको समग्र व्यवस्थापकीय सुधार गर्न र शिक्षण सिकाइमा परिवर्तन ल्याउन शिक्षक अभिभावक संघको भूमिका अझै महत्त्वपूर्ण र विशिष्ट बनेको छ । यसैले यो अनुसन्धान सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापन कसरी भइरहेको छ, विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका कस्तो छ, विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भुमिकालाई प्रभाव पार्ने तत्त्वहरु के-के छन् भन्ने सम्बन्धमा केन्द्रित रहेको छ ।

## १.२समस्याको कथन

शिक्षक अभिभावक संघ विद्यालय व्यवस्थापनको महत्त्वपूर्ण पक्ष हो । विद्यालयको व्यवस्थापनमा उसको महत्त्वपूर्ण भूमिका हुन्छ तर वर्तमान समयमा विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघले आवश्यक पहल गर्न नसकेको गुनासो बढ्दैगएको छ । विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी लिई सो सम्बन्धीआवश्यक अन्तरक्रिया गर्न नसकिरहेको अवस्था छ ।  समयमै सामाजिक लेखापरीक्षण नहुने अवस्था छ । शिक्षक, अभिभावक र विद्यालयबीच समन्वयको अभाव छ । यसरी हेर्दा विद्यालय व्यवस्थापनमा

शिक्षक अभिभावकको भूमिका माथि गम्भिर प्रश्न उठेको छ। यसै कुरालाई मध्यनजर गर्दै सामुदायिक विद्यालयको व्यवस्थापनको वर्तमान अवस्था,विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका के-के हुन सक्छ , विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिकालाई केले प्रभाव पारिरहेको छ , विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिकालाई कसरी अभिवृद्धि गर्न सकिन्छ ,भन्ने जस्ता पक्षलाई लिएर यो अनुसन्धान गरिएको छ ।

## १.३अध्ययनको औचित्य

सामुदायिक विद्यालयको व्यवस्थापनको वर्तमान अवस्था के छ ,विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका के -के हुन सक्छ , विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिकालाई केले प्रभाव पारिरहेको छ , विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिकालाई कसरी अभिवृद्धि गर्न सकिन्छ भन्ने बारे अध्ययन गर्नु आवश्यक देखिएकाले यस अध्ययनलाई अगाडि बढाउन प्रयत्न गरिएको छ । विद्यालयहरुको आर्थिक,भौतिक तथा मानवीय संसाधन व्यवस्थापन,शिक्षक अभिभावक संघको भूमिकालाई प्रभाव पार्ने तत्त्वहरु, विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिकालाई अभिवृद्धि गर्ने उपायहरूको बारेमा अध्ययन गरिने भएकाले शैक्षिक उपलब्धि र गुणस्तर सुधार गर्नका लागि उपयोगी हुने आशा गरिएको छ । यसैगरी यस अनुसन्धानबाट प्राप्त निष्कर्षले सम्बन्धित निकाय,सरोकारवाला तथा यस अनुसन्धानसँग सम्बन्धित भईखोजी गर्न चाहाने अन्य जो कोहीलाई यस अनुसन्धानले सहयोग पुऱ्याउने भएकाले यस अध्ययनको औचित्य प्रष्ट हुन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य निम्नअनुसार रहेका छन् :

१.विद्यालयको शैक्षिक व्यवस्थापनकोवर्तमान अवस्था पहिचान गर्नु,

२.विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका विश्लेषण गर्नु ,

३.विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिकालाई प्रभाव पार्ने तत्त्वहरूको खोजी गर्नु,

४.विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका अभिवृद्धि गर्ने उपायहरूको खोजी गर्नु ।

## १.५ अनुसन्धान प्रश्नहरू

विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिकाको अध्ययन गर्नका लागि निम्नलिखित अनुसन्धान प्रश्नहरू निर्माण गरिएको छ ।

क) सामुदायिक विद्यालयको व्यवस्थापनको वर्तमान अवस्था के छ ?

ख) विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका के कस्तो छ ?

ग) विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिकालाई के ले प्रभाव पारिरहेको छ ?

घ) विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका लाई कसरी अभिवृद्धि गर्ने सकिन्छ ?

## १.६ अध्ययनको परिसिमा

सुनसरी जिल्लाको वराहक्षेत्र नगरपालिकामा रहेकाविद्यालय मध्ये १० ओटा सामुदायिक विद्यालयहरूका प्रधानाध्यापक,विद्यालय व्यवस्थापन समिति अध्यक्ष,शिक्षक अभिभावक संघ अध्यक्ष र अभिभावकहरूमा केन्द्रित भई यो अध्ययन गरिएको छ ।यस अनुसन्धान छनोटमा परेका विद्यालयहरूको शैक्षिक व्यवस्थापन अन्तरगतयोजना निर्माण तथा व्यवस्थापन, शिक्षक, विद्यार्थी व्यवस्थापन,कक्षाकोठा, शैक्षिक सामाग्री व्यवस्थापन अभिलेख व्यवस्थापन को अवस्था के छ, विद्यालय व्यवस्थापनमा शि.अ.स को भूमिका के हुन्छ,विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिकालाई के ले प्रभाव पारिरहेको छ , विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका लाई कसरी अभिवृद्धि गर्ने सकिन्छ भन्ने विषयमा सिमित गरिएको छ । यो अनुसन्धान सिमित नमुना तथा सिमित स्रोत साधनमा आधारित भएर गरिएकाले सबै ठाउँमा सामान्यीकरण नहुन पनि सक्छ ।

## १.७ सम्बन्धित शब्दावलीहरुको परिभाषा

सामुदायिक विद्यालय : नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय ।

शिक्षकः विद्यालयमा अध्यापन गर्ने व्यक्ति ।

अभिभावकः विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनाएको व्यक्ति ।

शिक्षक अभिभावक संघ : विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावक सदस्य रहेको औपचारिक संघ ।

विद्यालय व्यवस्थापन समिति :सामुदायिक विद्यालयको सञ्चालन,रेखदेख र व्यवस्थापन गर्नका लागि गठित समिति ।

प्रधानाध्यापक:विद्यालयमा व्यवस्थापनका लागि प्रशासकको भुमिका निर्वाह गर्ने व्यक्ति ।

# परिच्छेद दुई :सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनलाई वस्तुगत बनाउनका निमित्त मुख्यत :एफ.डब्लु.टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त (१९११) लाई हेरिएको छ। वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुसार योजना बनाएर काम गर्नुपर्छ। मानिसलाई कार्यक्षमता अनुसार आवश्यक ज्याला दिनुपर्छ।कामदारको कार्य विभाजन स्पष्ट हुनुपर्दछ यसका साथै कामदार र व्यवस्थापक बीचको सम्बन्ध सुमधुर हुनपर्दछ र सबै कर्मचारीलाई उच्च क्षमता र सम्वृद्धिका लागि विकास गर्नु पर्छ। जसको फलस्वरुप व्यवस्थापन र कर्मचारीबीचको सम्बन्धमा आपसी विकास हुने,उत्पादन बढ्ने,उत्पादकत्वमा सुधार आउने गुणस्तरमा सुधार आउने ,गुणस्तरमा अभिवृद्धि हुने, उत्पादन लागतमा कमी आउने,तलब वृद्धि हुने र कर्मचारी र तथा व्यवस्थापहरूका समेत व्यक्तिगत तथा सांगठनिक समस्याहरू समाधान हुन्छन् ।टेलरले प्रतिपादन गरेका व्यवस्थापन सम्बन्धि पाँच प्रमुख सिद्धान्तहरू यसप्रकार छन्। :

१.वैज्ञानिक तरिकाबाट परम्परागत कार्यशैलीको विस्थापन,

२.कामदारबीचको वैमनश्यता हटाई सुमधुर समझदारीको स्थापना,

३.सङ्कीर्ण व्यक्तिवादी सोचको सट्टा मानवीय सहयोग सम्बन्धको विकास,

४.सङ्कुचित उपलब्धिको सट्टा वृहत्तर उपलब्धिका लागि काम,

५.कामदार र संगठनको पूर्ण समृद्धिको लागि पूर्ण क्षमताको विकास।

यसरी हेर्दा वैज्ञानिक व्यवस्थापनको सिद्धान्तलाई विद्यालयमा उपलब्ध भौतिक मानवीय,आर्थिक तथा प्रविधिगत स्रोतसाधन संकलन, परिचालन र समन्वय गरी विद्यालयको सम्पूर्ण व्यवस्थापन गरी पाठ्यक्रमद्वारा निर्दिष्ट उद्देश्य प्राप्त गर्दै विद्यार्थीहरूमा उच्चतम सिकाई उपलब्धितर्फ उन्मुख गराउन र व्यवस्थापकको भूमिका प्रभावकारी बनाउन उपयोगमा ल्याउन सकिन्छ।

भिगोत्कीको समाजिक विकासको सिद्धान्त (१९७८) का अनुसार अभिभावक र बालबालिका बीचको अन्तरक्रियाले विद्यार्थीको सिकाईमा सहयोग पुग्दछ ।बालबालिकाकोशैक्षिक विकास तथा उपलब्धिमा बाबुआमाको संलग्नताले महत्त्वपूर्ण भुमिका खेल्दछ।

यसरी हेर्दा प्रत्येक अभिभावक र विद्यालय विच अन्तरक्रिया गरी  विद्यालयको शैक्षिक तथा अन्य व्यवस्थापनमा अभिभावकलाई संलग्न गराउन सके विद्यालय प्रति अभिभावकको अपनत्त्व बढ्न गई विद्यालय, शिक्षक तथा प्रधानाध्यापक प्रति सकारात्मक धारणा बन्न पुग्दछ । जसको फलस्वरुप सामुदायिक विद्यालयको सुधार हुन पुग्छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

यस अनुसन्धान शीर्षकसँग सम्बन्धित केही पूर्व अध्ययनहरुको समिक्षा गरिएको  छ ।

कोइराला (२०७२) का अनुसार विद्यालयहरु केवल स्थापना गरेर मात्र स्थानीयको भूमिका सकिँदनै । तिनीहरुलाई सुचारु रुपले सञ्चालन रेखदेख गर्न आवश्यक हुन्छ । विद्यालय र समुदायबीच क्रियात्मक सम्बन्ध भएमात्र विद्यालयहरु सक्षम हुन्छन् । शिक्षण सिकाइलाई प्रभावकारी र स्तरीय बनाउन,विद्यालय सुसञ्चालन गर्न  पनि अभिभावकको सहभागिता आवश्यक हुन्छ । यसैगरी विद्यालयमा यथेष्ट भौतिक सुविधा, उपयुक्त खेलमैदान,पुस्तकालय जस्ता सुविधाका साथै शैक्षिक वातावरण सिर्जना गर्नका लागि स्थानीय समुदाय तथा अभिभावकको महत्त्वपूर्ण भूमिका हुन्छ । शिक्षक अभिभावक संघले हाम्रा बालबालिका विद्यालय गए कि गएनन् भनी खोजि गर्ने गएका भए शैक्षिक उपलब्धि पहिल्याउने काम र आवश्यक परे थप सहगोग दिने काम गर्नु पर्छ । शिक्षक अभिभावक संघले विद्यालय र समुदायको पुलको रुपमा काम गर्नु पर्छ ।

यसरी हेर्दा कोइरालाले विद्यालय स्थापना गरेर मात्र स्थानीयको भूमिका सकिदैन । विद्यालयका लागि आवश्यक भौतिक सुविधाहरू को व्यवस्था गर्नेका साथै विद्यालयको शैक्षिक वातावरण निर्माण गर्नका लागि पनि अभिभावकको महत्त्वपूर्ण भूमिका रहने कुरालाई जोड दिएको पाईन्छ ।

भट्टराई (२०६९) ले उल्लेख गरे अनुसार सामुदायिक विद्यालयहरू निजी विद्यालय बराबर    व्यवस्थित र आकर्षण हुन सकेका छैनन् निजी विद्यालयले यातायात सुविधा दिएको छ भने त्यहाँ बस्ने खाने पनि व्यवस्था छ जुन कुरा सामुदायिक विद्यालयमा पाइदैन । सामुदायिक विद्यालयहरुमा पढाई लेखाईको वातावरण त्यति राम्रो नहुनाले त्यसको विकल्प खोज्न विद्यार्थी, अभिभावक बाध्य छन् । शैक्षिक वातावरण सुरक्षाको स्थिति अपेक्षा अनुसार नहुनाले सामुदायिक विद्यालयहरुमा अनुशासन तथा नियन्त्रणको व्यवस्थामा प्रभावकारिता

देखिदैन । आवश्यकता अनुसार अनुगमन, निरीक्षण हुने निजी विद्यालयको पढाई लेखाइमा प्रभावकारिता हुने हुँदा त्यस तर्फ विद्यार्थीहरु आकर्षित भएको देखिन्छ । सामुदायिक विद्यालय पुग्न धेरै समय लाग्ने हुँदा विद्यार्थीहरू नजिकका निजी विद्यालयहरूमा जान रुचाएको कारण सामुदायिक विद्यालयमा विद्यार्थी भर्नामा कमी आउन थालेको प्रष्ट हुन्छ । यिनै कुरालाई निष्कर्षमा औल्याइएको छ ।

शर्मा (२०७१) विद्यालयबाट प्रत्यक्ष सरोकार वा प्रत्यक्ष  फाईदा लिने व्यक्ति विद्यार्थी , शिक्षक तथा अभिभावक हुन् । यि मध्ये पनि शिक्षक जागिरका लागि विद्यालय जान्छ । तर अभिभावक र विद्यार्थीले भने विद्यालयमा आर्थिक, भौतिक तथा समय लगानी गरेका हुन्छन । तर त्यसबाट तत्काल कुनै प्रतिफल प्राप्त गर्न सक्दैनन् । तसर्थ त्यसरी गरिने प्रत्यक्ष अप्रत्यक्ष लगानीको सही उपलब्धि पाउनका लागि अभिभावकले विद्यालयमा प्रत्यक्ष सम्पर्क राखि आफ्ना बालबालिकाको शिक्षाको स्थिति बारे जानकारी लिन आवश्यक हुन्छ । केटाकेटि विद्यालय पठाउदैमा उनीहरुको कर्तव्य पुरा हुदैन । आफ्ना बालबालिकाको शैक्षिक स्तर र अवस्था बारे नियमित रुपमा शिक्षकसाग भेटेर आफ्ना बालबालिकाको बारेमा जान्न आवश्यक हुन्छ । यसरी बालबालिकाको शैक्षिक अवस्थाबारे शिक्षक र अभिभावकबीच अन्तरक्रिया गर्न अभिभावकको निरन्तर भेटघाट आवश्यक हुन्छ । त्यस्तै अभिभावक बाट विद्यालयमा निर्वाह गर्नु पर्ने भूमिका बारेमा जानकारी लिन दिन पनि शिक्षक अभिभावकबीच सञ्चार हुन जरुरी छ । विद्यालयको चौतर्फी विकास गर्न अभिभावकलाई सचेत पार्ने काम शिक्षकको पनि हो । विद्यालयको शैक्षिक वातावरण निर्माण गर्न पनि अभिभावक र शिक्षकबीच राम्रो सम्बन्ध  आवश्यक हुन्छ ।

यसरी हेर्दा अधिकारीले अभिभावकले शिक्षक तथा प्रधानाध्यापकलाई भेटि आफ्ना बालबालिका को बारेमा निरन्तर जानकारी लिनु पर्छ जसका लागि अभिभावक र शिक्षक तथा प्रधानाध्यापकबीच निरन्तर सञ्चार हुनुपर्छ भन्ने कुरालाई जोड दिएको पाईन्छ

थपलिया (२०७३) का अनुसार बालबालिकाको शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि शिक्षक अभिभावक संघ  र विद्यालयको सहकार्य जरुरी हुन्छ । यी दुई संस्थाले आ–आफ्नो योजना अनुसार चलेर भन्दा पनि आपसी सहकार्य गरेर विद्यार्थीको सिकाइ उपलब्धिमा योगदान पुऱ्याउन सक्छन् । विद्यार्थी सिकाइउपलब्धि वृद्धि गर्न विद्यालयले मात्र सम्भव हुदैन, जसकालागि अभिभावकले पनि हरतरहले विद्यालयलाई सहयोग गर्नु पर्छ । उनीहरुलाई अध्ययनका लागि उचित वातावरण निर्माण गर्ने,विद्यालय प्रशासन तथा शिक्षकहरु भेटघाट

गरीआफ्ना बालबालिकाको बारेमा जानकारी लिने र आवश्यक परेको बेलामा सहयोग गर्ने जस्ता कुरामा शिक्षक अभिभावक संघको भूमिका महत्त्वपूर्ण हुन्छ। तर शिक्षक अभिभावक संघका पदाधिकारीहरुको सामाजिक,आर्थिक तथा सांस्कृतिक अवस्था चेतनाको स्तर आदिले विद्यालय व्यवस्थापनमा प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ। विद्यालय प्रशासनले पनि अभिभावक लाई विद्यालय सम्म ल्याउनका लागि विभिन्न कार्यहरु गर्नु पर्छ भन्ने कुरा थपलियाले निष्कर्ष निकालेका छन्।

ओक्युम्बे (१९९८) का अनुसार शिक्षक अभिभावक संघले विद्यालयका उद्देश्य प्राप्त गर्नका लागि विद्यालयका नीतिहरु तयार गर्दछन। उनीहरुले आर्थिक स्रोत, भौतिक सुविधाहरु,तथा मानवीय संसाधनहरू उपलब्ध गराउनु पर्छ। शिक्षक अभिभावक संघले विद्यालयको उद्देश्य अधिकतम र प्रभावकारी रुपमा प्राप्त गर्न प्राथमिक कार्यका साथ विद्यालयको गतिविधिहरू व्यवस्थित र समन्वय गर्दछन। उनीहरुले मानव संसाधनहरुलाई प्रभाव पार्ने र प्रोत्साहान दिनुपर्छ, । एकै समयमा संगठनात्मक वातावरण प्रदान गर्नुपर्दछ। विद्यालयको गतिविधिको मूल्याङ्कन गर्नु पर्छ जसले विद्यालयको पूर्वनिर्धारित लक्ष्यहरुको उपलब्धि निर्धारण गर्न सक्षमता प्रदान गर्दछ। यसका अतिरिक्त विद्यालयका नीतिहरु तयार गर्न,योजनानिर्माण गर्न र लागु गर्न शिक्षक अभिभावक संघको भूमिका महत्त्वपूर्ण हुन्छ।

ओक्युम्बेले विद्यालयलाई आर्थिक,भौतिक, तथा मानवीय स्रोत साधन उपलब्ध गराउने,योजना निर्माण गर्ने,कार्यान्वयन गर्ने र मूल्याङ्कन गर्ने जस्ता कुरामा शिक्षक अभिभावक संघको भूमिका महत्त्वपूर्ण हुनेकुरालाई जोड दिएका छन्।

अधिअम्बो(२०१४) ले सामुदायिक विद्यालयमा अनुशासन वृद्धिमा शिक्षक अभिभावक संघको भूमिकाशीर्षकमा गरिएका शोधमा उल्लेख गरेअनुसार अनुसार शिक्षक अभिभावक संघले विद्यालयमा धेरै काम गर्छ। तर उनीहरुले विद्यार्थीको अनुशासनमा योगदान गर्न दिएको भूमिकालाई उपेक्षा गरेको छ। उनीहरुले विद्यालय र घरमा आफ्ना बालबालिकाहरुको गतिविधि निगरानी गर्दैनन्। विद्यालयमा गएर विद्यार्थीहरुको शैक्षिक प्रगतिको बारेमा जानकारी लिने गर्दैनन्। अभिभावकलाई विद्यार्थीहरूका लागि आवश्यक सामान जुटाउनु पर्ने भएकाले उनीहरू विद्यालय सम्म पुग्दैनन्। अभिभावकको शिक्षाको स्तर निम्न भएकाले उनीहरू अनुशासनको मुद्धालाई कम महत्त्व दिनेगरेका छन्। कतिपय अभिभावक विद्यालय र घरको दुरी धेरै भएकाले उनीहरू विद्यालयसम्म जान समय पाउँदैनन्।

अभिभावकले विद्यालयका प्रत्येक क्रियाकलापमा भाग लिनुपर्छ र विशेष गरि नम्र अनुशासनका साथ काम गर्नु पर्छ। कहीलेकाहीँ विद्यालय भ्रमण गरी बच्चाहरुको प्रगतिको निगरानी गर्नु पर्छ।शिक्षकले दिएको कार्य र बालबालिकाका पुस्तकहरु जाँच्नु पर्छ। आफ्ना बच्चाको बारेमा विद्यालय प्रमुख तथा शिक्षकहरु सँग जानकारी लिनु पर्छ।

अधिअम्बोले अभिभावकको शिक्षाको स्तर, आम्दानिको स्तर,घर देखि विद्यालय सम्मको दुरी आदिले गर्दा अभिभावकहरु विद्यालयसम्म जान पाँउदैनन् जसका कारणले उनीहरु विद्यालयमा योगदान गर्न दिएको भूमिकालाई उपेक्षा गर्ने गरेको कुरालाई मुख्य रुपमा उठाएका छन्।

औसु (२०१७) लेविद्यार्थीको उपलब्धि वृद्धिमा शिक्षक अभिभावक संघको भूमिकाशीर्षकमा गरिएका शोधमा उल्लेख गरे अनुसार शिक्षक अभिभावक संघले बालबालिकाको प्रगतिलाई बढावा दिन महत्त्वपूर्ण भूमिका प्रर्दशन गर्नु पर्छ। यसैगरी विद्यालयकालागि आर्थिक स्रोत तथा भौतिक स्रोत जुटाउने दायित्व पनि शिक्षक अभिभावक संघकै हो । विद्यालयमा अनुशासन कायम गर्ने, पारस्परिक सञ्चार गर्ने, निर्णय गर्ने,सामाजिक र भावनात्मक सहयोग गर्ने काम पनि शिक्षक अभिभवक संघले गर्नु पर्छ । शिक्षक अभिभावक संघले विद्यार्थीहरुलाई सामाजिक तथा भावनात्मक सहयोग गरी सिकाइ उपलब्धि बढाउन सहयोग गर्नु पर्छ।शिक्षक अभिभावक संघले विद्यालयमा आफ्नो भूमिका निर्वाह गर्दा विभिन्न चुनौतीहरूको सामना गर्नु परिरहेको छ। निम्न स्तरको आय,कमजोर शैक्षिक स्तर, परिवारको आकार र ढाँचा समाजिक तथा साँस्कृतिक अवस्था जस्ता चुनौतीहरू छन्। जसले गर्दा उनीहरूको प्रर्दशनमा प्रभाव परिरहेको छ। विद्यालय देखी घर सम्मको दुरीले पनि अभिभावकहरुको विद्यालय प्रतिको भूमिकामा असर गरिरहेको छ ।

औसुले निम्न स्तरको आय,कमजोर शैक्षिक स्तर, परिवारको आकार र ढाँचा समाजिक तथा साँस्कृतिक अवस्था जस्ता चुनौतिहरू छन्। जसले गर्दा उनीहरूको प्रर्दशनमा प्रभाव परिरहेको छ। विद्यालयदेखि घर सम्मको दुरीले पनि अभिभावकहरुको विद्यालय प्रतिको भूमिकामा असर गरिरहेको छ भनी निष्कर्ष निकालेका छन्।

महमद (२०११) लेशिक्षाको गुणस्तर वृद्धिमा शिक्षक अभिभावक संघको भूमिकाशीर्षकमा गरिएको शोधमा उल्लेख गरे अनुसार का अनुसार शिक्षक अभिभावक संघ आमाबाबु र

शिक्षकहरूको पारस्परिक सहभागीताको स्रोत हो । यसले समुदायको फाईदाहरू प्राप्त गर्न मद्दत गर्छ । शिक्षक अभिभावक संघले विद्यालयका कार्य सुचारु गर्ने,शिक्षाको गुणस्तरका लागि समुदायलाई समावेश गर्ने, विद्यालय र समुदायकोबीच सम्बन्ध  विकास गर्ने,आमाबाबुलाई विद्यालयको काम कार्वाहीको मूल्याङ्कन गर्ने अवसर प्रदान गर्ने जस्ता कार्य गर्नु पर्दछ । यसैगरी शिक्षाको गुणस्तर सुधार गर्न,शिक्षामा समुदायको सहभागीता प्रचार गर्न शिक्षक अभिभावक संघको भूमिका महत्त्वपूर्ण हुन्छ । शिक्षक अभिभावक संघले विद्यालयमा समुदायको सुनिश्चितता गर्ने, सुक्ष्म योजना बनाई लागु गर्ने अभिभावकको नेतृत्व क्षमता वृद्धि गर्ने जस्ता पक्षमा पनि काम गर्नु पर्दछ । शिक्षक अभिभावक सघंको भुमिकालाई विभिन्न पक्षले प्रभाव पारिरहेको हुन्छ । जसमा अभिभावकको शिक्षाका स्तर, आर्थिक स्तर, राजनैतिक कारण ,सामाजिक साँस्कृतिक अवस्था जस्ता पक्षहरु रहेकाछन् । यसैगरी ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा शिक्षक अभिभावक संघ बढी सक्रिय छन् ।

यसरी हेर्दा महमदले आफ्नो अध्ययनमा विद्यालयका कार्य सुचारु गर्ने, शिक्षाको गुणस्तरका लागि समुदायलाई समावेश गर्ने, विद्यालय र समुदायकोबीच सम्बन्ध  विकास गर्ने,आमाबाबुलाई विद्यालयको काम कार्वाहीको मूल्याङ्कन गर्ने अवसर प्रदान गर्ने जस्ता कार्य गर्नु पर्दछ । यसैगरी शिक्षाको गुणस्तर सुधार गर्न,शिक्षामा समुदायको सहभागीता प्रचार गर्न शिक्षक अभिभावक संघको भूमिका महत्त्वपूर्ण हुन्छ भनी निष्कर्ष निकालेका छन् ।

लिरा (२०११) लेनिजी विद्यालयको प्रशासनमा शिक्षक अभिभावक संघको भूमिका शीर्षकमा गरेको शोधमा उल्लेख गरे अनुसार सामुदायिक विद्यालयहरुमा शिक्षक अभिभावक संघको भूमिका स्पष्ट भए पनि निजी विद्यालयहरुमा शिक्षक अभिभावक संघको भूमिका के हुने भनेर स्पस्ट छैन निजी विद्यालयका शिक्षक अभिभावक संघहरू नाम मात्रका छन् । उनीहरुको  विशेष जिम्मेवारी छैन जसले गर्दा निजी विद्यालयका सञ्चालकहरुले आफूखुसी विद्यालय सञ्चालन र रेखदेख गरिरहेका छन् विद्यार्थीहरूबाट धेरै शुल्क लिरहेका छन् । जसले गर्दा अभिभावकहरू मारमा परेका छन् । शहरी क्षेत्रका भन्दा ग्रामीण क्षेत्रका अभिभावकहरूलाई बढी समस्या पर्ने गरेको छ । निजी विद्यालय सञ्चालकहरूले विद्यालय शिक्षालाई अफ्नो उद्यमका रुपमा लिएका छन्  । यस्तो अवस्थामा अभिभावकहरूले निजी विद्यालय व्यवस्थापनमा आफ्नो भूमिका के हुने हो खोज्नु पर्छ । नीति निर्माण कर्ताले पनि निजी विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका स्पष्ट पार्नु पर्दछ ।

यसरी हेर्दा लिराले आफ्नो अध्ययनमा निजी विद्यालयमा शिक्षक अभिभावक संघको भूमिका स्पष्ट नभएको शिक्षक अभिभावक संघ नाम मात्रको भएको जसले गर्दा निजी विद्यालय सञ्चालकहरुले विद्यालय शिक्षालाई उद्यमको रुपमा लिएको उल्लेख गरेका छन् ।


यसरी छलफल गरिएका केही साहित्यको पुनरावलोकनबाट सामुदायिक विद्यालयको सम्पूर्ण व्यवस्थापनमा शिक्षक अभिभावकको भूमिका नसमेटिएकोले यो अनुसन्धान सञ्चालन गरिएको हो ।

## २.३ पुनरावलोकनकोउपादेयता

कुनैपनि विषयको अध्ययनका अनुसन्धनाका लागि पुस्तक,लेख रचना जस्ता साहित्यको अध्ययन गर्नु पर्ने हुन्छ जसले गर्दा शोधकर्तालाई शीर्षक छनोट गर्न, उद्देश्य निर्माण गर्न,अध्ययन विधि चयन गर्न सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग पुग्दछ । सामुदायिक विद्यालयको व्यवस्थापनमा शिक्षक अभिभावक  संघको भूमिका भन्ने शीर्षकमा यस शोध अनुसन्धान पूरा गर्नका लागि पनि यससँग सम्बन्धित विभिन्न व्यक्तिद्वारा तयार गरिएका शोधहरू,पुस्तक र लेख रचनाहरुको पुनरावलोकन  गरिएको छ । उक्त पुनरावलोकनबाट  अध्ययनको क्षेत्र पहिचान गर्न, शीर्षक छनोट गर्न, उद्देश्य निर्माण गर्न, अध्ययन विधि छनोट गर्न,सैद्धान्तिक अवधारण निर्माण गर्न सहयोग पुऱ्याउनुका साथै तथ्याङ्क संकलन तथा विश्लेण गरी अध्ययनको प्राप्ति, निष्कर्ष र सुझाव प्रदान गर्नका लागि सहयोग पुऱ्याएको छ ।

## २.४ अवधारणात्मक खाका

यो शोधकार्यका लागि अवधाराणात्मक खाकालाई तलको चार्टमा देखाइएको छ ।




माथिको चार्ट बाट विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक सघंको भूमिका शिक्षा नियमावलीदिएको जिम्मेवारी पुरा गर्ने, विद्यालयबाट सम्पादित कार्यको अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्ने जस्ता हुन्छन् । त्यस्तै गरी उनीहरूको भूमिकालाई उपलब्ध साधन स्रोतहरू, अभिभावकको चेतनाको स्तर, शिक्षक, प्रधानाध्यापक र अभिभावकबीचको सम्बन्ध वि.व्य.स.सँगको सहकार्यले प्रभाव पारिरहेको हुन्छ । यसैगरी योजना निर्माणमा अभिभावकको सहभागीता र अभिभावक शिक्षा दिएर विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिकालाई अभिवृद्धि गर्नु पर्ने देखिन्छ ।

# परिच्छेद तीन :अध्ययन विधि

यस शोध कार्यलाई वैज्ञानिक, व्यवहारिक र वस्तुनिष्ठ बनाउन र छनौट गरिएका शीर्षक अन्तरगतका उद्देश्यहरु प्रभावकारी ढंगले पूरा गर्नुको साथै तथ्याङ्क सङ्कलन र विश्लेषण प्रक्रियालाई व्यवहारिक वस्तुनिष्ठ र उपयोगी बनाउन निम्न अनुसारको विधिहरुको अवलम्बन गरी अनुसन्धान कार्यलाई अगाडि बढाईएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यो अनुसन्धान मिश्रित ढाँचामा आधारीत रहेको छ । वस्तुस्थितिलाई बृहतरुपमा अध्ययन विश्लेषण गरिने तथा सम्बन्धित व्यक्तिसंग प्रत्यक्ष सम्पर्क स्थापित हुने र त्यसबाट सूचनालाई विश्लेषण एवं व्याख्या गरी वर्णनात्मक विधिबाट प्रस्तुत गरिएको छ ।

## ३.२ अध्ययनको क्षेत्र

यस अध्ययनको क्षेत्र वराहक्षेत्र नगरपालिका अन्तरगत रहेका सामुदायिक विद्यालयहरु रहेका छन् ।

## ३.३ अध्ययनको जनसंख्या

अध्ययनको क्षेत्रमा वराहक्षेत्र न.पा.मा रहेका सामुदायिक विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष,शिक्षक अभिभावक संघ अध्यक्ष र अभिभावकहरु नै जनसंख्या रहेका छन् ।

## ३.४ नमुनाको छनौट विधि र नमुनाको आकार

वराहक्षेत्र नगरपालिकामा रहेका ११ ओटा वडा मध्ये सामान्य सम्भावनायुक्त नमुना छनोट पद्धतिका आधारमा चिट्ठा पद्धतिबाट ५ ओटा वडा छानिएको छ । जुन ४५.४५ हुन आउँछ । सामान्य सम्भावनायुक्त नमुना छनोट पद्धतिका आधारमा छनोट गरिएका प्रत्येक वडा बाट सामान्य सम्भावनायुक्त नमुना छनोट पद्धतिका आधारमा चिट्ठा पद्धतिबाट १आधारभूत र १ माध्यामिक विद्यालय पर्ने गरी १० ओटा विद्यालय छनोट गरिएको छ । चिट्ठा पद्धतिबाट छनोट गरिएका १० ओटै विद्यालयका प्रधानाध्यापक,विद्यालय व्यवस्थापन

समिति अध्यक्ष तथा शिक्षक अभिभावक संघ अध्यक्षहरुलाई नमुनाको रुपमा छनोट गरिएको छ ।

साथै चिट्ठा पद्धतिबाटछनोट गरिएका विद्यालयका अभिभावकहरु मध्येबाटसामान्य सम्भावनायुक्त नमुना छनोट पद्धतिका आधारमा चिट्ठा पद्धतिबाटप्रत्येक विद्यालयबाट २/२ जना अभिभावकलाई नमुनाको रुपमा छनोट गरिएको छ । नमुना छनोट विवरणलाई तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १**

**नमुना छनोट विवरण**

| **क्र.स** | **विवरणहरु** | **कुल जनसंख्या** | **छनोट जनसंख्या** | **प्रतिशत** | **नमुना छनोट प्रक्रिया** |
|---|---|---|---|---|---|
| १. | वडा | ११ | ५ | ४५.४५ | सामान्य सम्भावना युक्त |
| २. | विद्यालय | ५० | १० | २० | सामान्य सम्भावना युक्त |
| ३ | प्रधानाध्यापक | ५० | १० | २० | उद्देश्यमुलक |
| ४. | वि.व्य.स अध्यक्ष | ५० | १० | २० | उद्देश्यमुलक |
| ५. | शि.अ.स अध्यक्ष | ५० | १० | २० | उद्देश्यमुलक |
| ६ | अभिभावक | – | २० | – | सामान्य सम्भावना युक्त |

छनोटमा परेका विद्यालय, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष,शिक्षक अभिभावक संघ अध्यक्ष र अभिभावकहरूलाई क्रमशः अनुसुचि १ र २ मा राखिएको छ ।

## ३.५ तथ्यांकको स्रोत

तथ्यांकको संकलन गर्न यहाँनिम्न स्रोतहरूको प्रयोग गरिएको छ ।

### ३.५.१ प्राथमिक स्रोत

यो अध्ययन मूलत : प्राथमिक स्रोतमा आधारित रहने छ । प्राथमिक स्रोतमा प्रश्नावली, अन्तवार्ता सूचि र लक्षित समूह छलफलका माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.२ द्वितीय स्रोत

यसै गरी द्वितीय स्रोतमा पुस्तकहरु, पत्रपत्रिका, शोध पत्र, विद्यालय अभिलेख आदि स्रोतको प्रयोग गरिएको छ ।

## ३.६ अनुसन्धानका साधनहरु

यस अध्ययनमा मूलतःप्रश्नावलि फारम, अन्तरवार्ता सूचि र लक्षित समूह छलफललाई अनुसन्धानको साधनको रुपमा लिइएको छ । उक्त साधनहरु प्रयोग गरि प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक अभिभावक सघ अध्यक्ष र अभिभावकहरुको धारणा,दृष्टिकोण,अनुभव तथा तथ्याङ्कहरुलाई सङ्कलन गरिएको छ ।

### ३.६.१ प्रश्नावली फाराम

विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका शीर्षकमा गरिएको यस अनुसन्धानमा तथ्याङ्क संकलनका लागि नमुना छनोटमा परेकाप्रधानाध्यापक सँग पूर्वनिर्मित प्रश्नावलिका साथै अन्तरवार्ताका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलनमा प्रयोग गरिएका प्रश्नावली फारामलाई अनुसुचि ३ मा राखिएको छ । **३.६.२ अन्तरवार्ता सूचि**

अन्तरवार्ता सूचि मार्फत नमुना छनोटमा परेका विद्यालय व्यवस्थापन समिति अध्यक्ष र शिक्षक अभिभावक संघ अध्यक्ष सँगअनुसन्धानका लागि आवश्यक जानकारी लिने कार्य गरिएको छ । तथ्याङ्क सङ्कलनमा प्रयोग गरिएका अन्तरवार्ता सूचिलाई अनुसुचि ४ मा राखिएको छ ।

### ३.६.३ लक्षित समूह छलफल

लक्षित समूह छलफल निर्देशिका मार्फत नमुना छनोटमा परेका अभिभावकहरु सँग अनुसन्धानका लागि आवश्यक जानकारी लिने कार्य गरिएको छ । तथ्याङ्क सङ्कलनमा प्रयोग गरिएका लक्षित समूह छलफल निर्देशिकालाई अनुसुचि ५ मा राखिएको छ ।

## ३.७तथ्याङ्क संकलन प्रक्रिया

विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका शीर्षकमा गरिने यस अनुसन्धानमा तथ्याङ्क संकलनका लागि नमुना छनोटमा परेका व्यक्तिहरुमध्ये प्रधानाध्यापकहरु सँग पूर्वनिर्मित प्रश्नावली फारमका माध्यम बाट प्रत्यक्ष रुपमा भेटघाट गरी  तथ्याङ्क संकलन गरिएको छ । यसका साथै मौखिक प्रश्न गर्दै प्राप्त जवाफ लाई टिपोट गर्दै आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु रशिक्षक अभिभावक संघका अध्यक्ष सँग छुट्टा छुट्टै  प्रश्नावलिका साथै अन्तरवार्ता सूचि माध्यम बाटतथ्याङ्क सङ्कलन गरिएको छ ।यस क्रममा एक - एक जना सँग अन्तरवार्ता गरिएको छ । अन्तरवार्तालाई मोवायलमा रेकर्ड गरी तथ्याङ्क संकलन गरिएको छ ।

यसैगरि  अभिभावक सँग लक्षित समूह छलफल विधिबाट तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क संकलन गर्ने क्रममा  छनोटमा परेका विद्यालयका अभिभावकहरु लाई पाँच समूहमा विभाजन गरी सम्बन्धित विषयमा धारणा राख्न लगाई उनीहरुको धारणलाई मोवालयमा रेकर्ड गरी आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

## ३.८ तथ्यांङ्क विश्लेषण प्रक्रिया

तथ्यांक संकलन प्रक्रिया बाट प्राप्त गरिएका मिश्रित तथ्याङ्क लाई आवश्यकता अनुसार विभिन्न शीर्षक/उपशीर्षकमा राखीवर्णनात्मक विधिबाट विश्लेषण गरिएको छ ।

## परिच्छेद चार :नतिजाको छलफल

यस परिच्छेदमा वराहक्षेत्र नगरपालिकामा रहेका सामुदायिक विद्यालयहरु मध्ये नमुना छनोटमा परेका विद्यालयको व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका विषयमा छलफल गरिएको छ । नमुना छनोटमा परेका विद्यालय, प्रधानाध्यापक,विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका  अध्यक्ष तथा अभिभावकहरु बाट संकलित  तथ्याङ्क र स्थलगत अवलोकन बाट प्राप्त  तथ्याङ्कलाई एकीकृत गरी वर्णनात्मक विधिबाट ब्याख्या विश्लेषण गरिएको छ ।

### ४.१ विद्यालयको शैक्षिक व्यवस्थापनको वर्तमान अवस्था

शैक्षिक व्यवस्थापन भन्नाले पाठ्यक्रमद्धारा निर्दिष्ट गरिएका  उद्देश्य पुरा गर्नका लागि शैक्षिक योजना निर्माण गर्ने, शिक्षक कर्मचारी व्यवस्थापन गर्ने, कक्षाकोठा तथा शैक्षिक सामाग्रीकोव्यवस्थापन गर्ने कार्यलाई बुझाउँछ । त्यसैले यो अनुसन्धानमा नमुना छनोटमा परेका विद्यालयका शैक्षिक व्यवस्थापनको विभिन्न पक्षको बारेमा विस्तृत रुपमा चर्चा गरिएको छ  ।

### ४.१.१ शैक्षिक योजना निर्माण तथा व्यवस्थापन

योजना भन्नाले वर्तमानमा भविष्यका लागि अपेक्षित उपलब्धि हासिल गर्नका लागि तयार गरिने खाका हो । सबै विद्यालयका आ–आफ्नै योजना हुनुपर्छ । सामान्यतया योजनाले संस्थालाई भविश्यमा कहाँ पुऱ्याउने भन्ने लक्ष्य निर्धारण गर्छ । कुन–कुन समयमा के–के काम गर्ने भन्ने कुरा योजनाले निर्दिष्ट  गर्छ । हरेक विद्यालयले प्रत्येक वर्ष वार्षिक कार्य तालिका निर्माण गर्नु पर्छ । त्यसै गरि शिक्षकले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नका लागि वार्षिक कार्य योजना,एकाई योजना तथा दैनिक पाठयोजना बनाएर कार्य गर्नु पर्दछ । कुनैपनि कार्य सफल पार्नका लागि योजनाको समुचित व्यवस्थापन आवश्यक हुन्छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नका लागि शिक्षकले वार्षिक योजना,एकाई योजना तथा दैनिक योजना बनाउनु पर्छ ।

नमुना छनोटमा परेका प्रधानाध्यापक,विद्यालय व्यवस्थापन समिति अध्यक्ष शिक्षक अभिभावक संघका अध्यक्ष तथा अभिभावकहरु बाट प्राप्त सूचना वा जानकारी तथा स्थलगत अवलोकन बाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा अनुसन्धान गरिएका दशै ओटा

सामुदायिक विद्यालयहरुले सबै प्रकारका शैक्षिक योजनाहरु निर्माण गरी कार्यान्वयन गरिएको पाईयो । नगरपालिका शिक्षा शाखाको शैक्षिक क्यालेन्डर अनुसार सबै विद्यालयहरुले आफ्नो वार्षिक कार्य तालिका निर्माण गरी लागु गर्ने गरेको पाईयो । त्यसै गरी विद्यालयको वार्षिक कार्यतालिका  अनुसार प्रत्येक शिक्षकले आफूले शिक्षण गर्ने विषयको वार्षिक कार्य योजना निर्माण गरी सोही आधारमा एकाई योजना तथा दैनिक पाठयोजना निर्माण गरी शिक्षण कार्य गर्ने गरिएको पाईयो । वार्षिक कार्ययोजना कै आधारमा विद्यालयका अन्य गतिविधि अतिरिक्त क्रियाकलाप सञ्चालन, विद्यार्थी भर्ना अभियान,परीक्षा सञ्चालन तथा परीक्षाफल प्रकाशन, अभिभावक दिवस तथा अन्य कार्य गर्ने गरेको पाईयो ।

## ४.१.२ शिक्षक कर्मचारी व्यवस्थापन

शिक्षा प्रणालीमा शिक्षक तथा कर्मचारीहरुलाई महत्त्वपूर्ण लगानीको रुपमा लिइन्छ । प्रभावकारी शैक्षक व्यवस्थापनका लागि तिनीहरुको भर्ना, उचित परिचालन र समन्वयको आवश्यकता हुन्छ । शिक्षण कार्य सफल पार्नका लागि तालिम प्राप्त शिक्षकहरु भएमा र विद्यार्थी सङ्ख्या अनुरुप शिक्षकको व्यवस्थापन गर्न सकिएको खण्डमा मात्र शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुन गई उद्देश्य सहज ढङ्गले प्राप्त गर्न सकिन्छ । अध्ययन गरिएका विद्यालयको बारेमा नमुना छनोटमा परेका व्यक्तिहरुबाट शिक्षक कर्मचारी व्यवस्थापन सँग सम्बन्धित रहेर संकलन गरिएका तथ्याङ्कहरुलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.१.२.१.शिक्षक कर्मचारीको स्थिति

कुनै पनि संगठनको लक्ष्य तथा उद्देश्य पुरा गर्नका लागि आवश्यक मात्रामा दक्ष कर्मचारीको आवश्यकता पर्दछ । संगठनको कार्यक्षेत्र, आकार, उद्देश्य आदि जस्ता पक्षले संगठनमा कर्मचारीको सङ्ख्यालाई निर्धारण गर्दछ । यसरी विद्यालयमा पनि पढाइ हुने विषय, विद्यालयको तहगत संरचना आदिले विद्यालयमा शिक्षक कर्मचारीको सङ्ख्यालाई निर्धारण गर्दछ । अध्ययन गरिएका विद्यालयमा शिक्षक कर्मचारीको स्थिती निम्नअनुसार पाइयो ।

तलिका २

नमुना छनोटमा परेका विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको विवरण

| क्र. स | विद्यालयको नाम | शिक्षक कर्मचारीको सङ्ख्या | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | श्री आधारभूत विद्यालय | ७ | ४ | ५७.१४ | ३ | ४२.९ |
| २ | श्रीमहेन्द्रमा.वि( तित्रिगाछी) | २५ | १५ | ६० | १० | ४० |
| ३ | श्री भानु आ.वि | ९ | ६ | ६६.६६ | ३ | ३३.३३ |
| ४ | श्री महेन्द्र मा.वि(चक्रघट्टी) | २५ | १६ | ६४ | ९ | ३६ |
| ५ | श्री भगवती आ.वि | ८ | ५ | ६२.५ | ३ | ३७.५ |
| ६ | श्री सरस्वति मा.वि | १६ | ११ | ६५ | ५ | ३५ |
| ७ | श्री वि.पि आ.वि | ७ | ३ | ४५ | ४ | ५५ |
| ८ | श्रीमहेन्द्रमा.वि(नडाहा ) | २० | १० | ५० | १० | ५० |
| ९ | श्री कौशिका आ .वि | ८ | ३ | ४५ | ५ | ५५ |
| १० | श्री आदर्श मा.वि | ३२ | १७ | ५३.१२ | १५ | ४६.८८ |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा सात ओटा विद्यालयमा महिला शिक्षकको तुलनामा पुरुष शिक्षक बढी देखिन्छ भने दुई ओटा विद्यालयमा पुरुष शिक्षकको तुलनामा महिला शिक्षक बढी देखिन्छ। त्यसैगरी एउटा विद्यालयमा महिला शिक्षक र पुरुष शिक्षकको अनुपात बराबर देखिन्छ। सबै भन्दा कम शिक्षक श्री आधारभूत विद्यालमा रहेको देखिन्छ यस विद्यालयमा कक्षा १–५ सम्म मात्र पढाई हुने भएकाले कम देखिएको छ। त्यसैगरी श्री आर्दश मा.वि मा सबै भन्दा बढी शिक्षक रहेको देखिन्छ यो विद्यालयमा प्राविधिक धार पनि पढाई हुने भएकाले शिक्षक सङ्ख्या बढी रहेको देखिन्छ।

## ४.१.२.२ शिक्षक कर्मचारी नियुक्ति प्रक्रिया

शिक्षक शिक्षा पद्धतिको प्रत्यक्ष लगानी हो । शिक्षकले प्राप्त गरेको योग्यता उसले प्रर्दशन गर्ने व्यवहार र कार्यक्षमताको प्रभाव सोझै विद्यार्थी तथा समुदायमा पर्दछ । जसले शैक्षिक उपलब्धिलाई प्रभाव पार्दछ । शिक्षा पद्धतिमा योग्य शिक्षकको छनोट हुनुपर्दछ । शिक्षक तालिम प्राप्त, अनुभवी, दक्ष र निपु हुनु आवश्यक छ, जसले शैक्षिक व्यवस्थापन समेत प्रभावकारी हुन गई शैक्षिक गुणस्तरमा समेत सुधार हुन जान्छ । अध्ययनको क्षेत्रमा परेका विद्यालयमा शिक्षक /कर्मचारीको नियुक्ति प्रक्रिया अध्ययन गर्दा निम्न अनुसार पाईयो ।

**तालिका३**

**अध्ययनको क्षेत्रमा परेका विद्यालयहरुमा शिक्षक नियुक्ति प्रक्रिया**

| **शिक्षक कर्मचारी नियुक्ति प्रक्रिया** | **शिक्षक सङ्ख्या** | **कैफियत** |
|---|---|---|
| शिक्षक सेवा आयोग बाट सिफारिसका आधारमा स्थायी नियुक्ति | ८० | – |
| स्विकृत दरबन्दीमा अस्थायी नियुक्ति | २५ | वि.व्य.स को निर्णय बाट नियुक्ति |
| नेपाल सरकारको राहातकोटा अनुदानका आधारमा वि.व्य.स को निर्णय बाट | ४० | – |
| निजी स्रोत बाट | १२ | – |
| **जम्मा** | १५७ | – |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा अध्ययन क्षेत्रका विद्यालयरुमा शिक्षक कर्मचारी तिन किसिमले नियुक्ति गर्ने गरेको पाईयो । जसमा आधा शिक्षक शिक्षक सेवा आयोगको सिफारीसका आधारमा स्थायी नियुक्ति गरिएको पाईयो । त्यसैगरी स्विकृत दरबन्दी मा करीब १६ प्रतिशत शिक्षकहरु विद्यालय व्यवस्थापन समितिको निर्णयका आधारमा अस्थायी नियुक्ति भएको देखिन्छ । जम्मा शिक्षकको २५ प्रतिशत शिक्षकहरु नेपाल सरकारको राहातकोटा अनुदानका आधारमा वि.व्य.स को निर्णय बाट अस्थायी नियुक्ति गरेको देखिन्छ

भने करिब ७ प्रतिशत शिक्षक निजी स्रोत बाट नियुक्ति गरेको पाईयो । यसरी हेर्दा प्राय सबै विद्यालयमा ठूलो सङ्ख्यामा अस्थायी शिक्षकहरु नियुक्ति भएको देखिन्छ । लामो समय सम्म स्विकृत दरबन्दीमा स्थायी पदपूर्ति हुन नसक्नुको कारणले ठूलो सङ्ख्यामा अस्थायी नियुक्ति गर्नु परेको सरोसकारवालाको धारणा रहेको छ । यसै गरी कतिपय विद्यालयहरुमा माथिल्लो तह सञ्चालनको अनुमति दीने तर दरबन्दी नदिने कारणले गर्दा पनि निजी स्रोतबाट शिक्षक नियुक्ति गर्नु परेको देखिन्छ ।

### ४.१.२.३ कक्षा कार्यभार सम्बन्धि व्यवस्था

शैक्षिक व्यवस्थापनभित्र शिक्षकहरुको कक्षा कार्यभार  सम्बन्धि व्यवस्था महत्त्वपूर्ण पाटो हो । मानिसलाई काम सँगसँगै आरामको पनि जरुरत पर्दछ । त्यसैले शिक्षकलाई पनि सोही अनुसारको कक्षा कार्यभार मिलाउनु पर्छ । जसले गर्दा उसले खाली समयमा अध्ययन अनुसन्धान गर्ने मौका पाउँछ र शिक्षण प्रक्रियामा थप सहयोग पुग्छ । अनुसन्धान क्षेत्रमा परेका विद्यालयहरुको शिक्षकको कक्षा कार्यभार अनुसन्धान गर्दा निम्न अनुसार पाईयो ।

**तालिका४**

**नमुना छनोटमा परेका विद्यालयहरुको कक्षा कार्यभार**

| क.स | कक्षा कार्य भार | विद्यालय सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | चार पिरीयड | १ | १० |
| २ | पाँच पिरीयड | ३ | ३० |
| ३ | छ पिरीयड | ३ | ३० |
| ४ | सात पिरीयड | ३ | ३० |

*स्रोत :स्थलगत अध्ययन, २०७५*

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा एउटा विद्यालयका शिक्षकको दैनिक कार्यभार चार पिरीयड पाईयो भने तिनओटा विद्यालयका शिक्षकको दैनिक कार्यभार पाँच पिरीयड पाईयो । त्यसैगरी तिन ओटा विद्यालयका शिक्षकको दैनिककार्य भार छ पिरीयड देखिन्छ भने बाँकी तिन विद्यालयका शिक्षकको सात पिरीयड देखिन्छ । विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक दरबन्दी नहुनु, तहगत तथा विषयगत शिक्षकको अभाव जस्ता कारण ले शिक्षकको दैनिक कार्यभार बढी हुन गएको सरोकारवालाको धारणा रहेको छ ।

## ४.१.३ विद्यार्थी व्यवस्थापन

विद्यालय व्यवस्थापनको महत्त्पूर्ण पक्ष विद्यार्थी व्यवस्थापन हो । विद्यार्थी बिनाको विद्यालयको परिकल्पना गर्न सकिँदैन । विद्यालय सञ्चालन गर्नका लागि विद्यार्थीहरुलाई विद्यालय सम्म ल्याउनु पर्दछ । त्यसैगरी विद्यालय आएका विद्यार्थीहरुलाई टिकाउनु पनि पर्दछ । अध्ययन गरिएका विद्यालयमा विद्यार्थीहरुको सङ्ख्या निम्नाअनुसार पाइयो ।

**तालिका ५**

**अनुसन्धान गरिएका विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरु**

| क्र.स | विद्यालयको नाम | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|
| १ | श्री आधारभूत विद्यालय | ९० | ९५ | १८५ |
| २ | श्री महेन्द्रमा.वि( तितिृगाछी) | ३०५ | २२० | ५२५ |
| ३ | श्री भानु आ.वि | १०६ | १२४ | २३० |
| ४ | श्री महेन्द्र मा.वि(चक्रघट्टी) | १७४ | १६० | ३३४ |
| ५ | श्री भगवती आ.वि | ६२ | ६४ | १२६ |
| ६ | श्री सरस्वति मा.वि | २११ | २६५ | ४७६ |
| ७ | श्री वि.पि आ.वि | ५८ | ५१ | १०९ |
| ८ | श्रीमहेन्द्रमा.वि(नडाहा ) | १८० | १९६ | ३७६ |
| ९ | श्री कौशिका आ .वि | १३४ | १०६ | २४० |
| १० | श्री आदर्श मा.वि | ३५६ | ३०९ | ६६५ |
| | **जम्मा** | **१७५७** | **१५९०** | **३२६६** |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा पाँच ओटा विद्यालयमा छात्रको सङ्ख्या बढी देखिन्छ भने पाँचओटा विद्यालयमा छात्राको सङ्ख्या बढी देखिन्छ । त्यसैगरी समग्रमा हेर्दा छात्राको सङ्ख्या छात्रको भन्दा बढी देखिन्छ । सबैभन्दा कम विद्यार्थी श्री भगवती आधारभूत विद्यालयमा कम देखिन्छ बालविकास देखि कक्षा पाँच सम्म मात्र पढाई हुने भएकाले यस्तो

देखिन्छ । त्यसैगरी आर्दश माध्यामिक विद्यालयमा सबैभन्दा बढी विद्यार्थी रहेको देखिन्छ उक्त विद्यालयमा प्राविधिक धारमा समेत पढाई हुने भएकाले विद्यार्थी सङ्ख्या बढी भएको पाईयो ।

## ४.१.४ कक्षा कोठा व्यवस्थापन

कक्षाकोठा व्यवस्थापन शैक्षिक व्यवस्थापनको महत्त्वपूर्ण पक्ष हो । कक्षाकोठा व्यवस्थापन गर्दा कक्षाकोठाको आकार,कक्षाकोठामा फर्निचर र सेतोपाटीको व्यवस्थापन तथा झ्याल ढोकाको व्यवस्थापन उपयुक्त हुनु पर्दछ । अध्ययनको क्षेत्रमा परेका विद्यालयको कक्षाकोठा व्यवस्थापनको अवस्था अध्ययन गर्दा निम्न अनुसार पाईयो ।

### ४.१.४.१ कक्षा कोठाको आकार

अध्ययन गरिएका विद्यालयहरुमा विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड अनुसार नै रहेको पाईयो अध्ययन गरिएका विद्यालय मध्ये आधारभूत तहसम्म सञ्चालन भएका पाँच ओटा विद्यालयहरुमा ५० जना विद्यार्थी अट्न सक्ने गरी व्यवस्था गरिएको पाईयो । त्यसैगरी माध्यामिक तहसम्म सञ्चालन भएका विद्यालयहरुमा ७० जना सम्म विद्यार्थी अट्न सक्ने गरी कक्षा कोठाको व्यवस्थापन गरेको पाईयो । यसरी हेर्दा सबैजसो विद्यालयहरुमा विद्यार्थी सङ्ख्याको आधारमा कक्षा कोठा व्यवस्थापन गरेको पाईन्छ ।

### ४.१.४.२ फर्निचर र सेतोपाटी व्यवस्थापन

विद्यार्थीहरुले दिनमा आधा समय विद्यालयमा बिताउनु पर्ने हुँदा उनिहरुको उमेर अनुसारको बसाइको व्यवस्थापन हुनु प्रभावकारी सिकाइका लागि आवश्यक छ । अनुसन्धानमा छनोट गरिएका विद्यालय मा विद्यार्थीको उमेर अनुसार व्यवस्थापन गरिएको पाईयो । अध्ययन गरिएका विद्यालयहरु मध्ये पाँच ओटा विद्यालयहरुका साना कक्षा (१,२,३) राउण्ड टेबलको व्यवस्था परिएको पाईयो भने अन्य विद्यालयमा साधारण खालका डेक्स बेन्च को व्यवस्था गरेको देखिन्छ । त्यसैगरी माथिल्लो कक्षाहरुमा विद्यार्थीको उमेर अनुसार साधारण डेक्स बेन्चको व्यवस्था गरेको पाईयो ।त्यसै गरी सेतो पाटी पनि सबैले देख्ने ठाउँमा राखेको देखिन्छ ।

### ४.१.४.३ कक्षा कोठामा झ्याल ढोकाको व्यवस्थापन

अनुसन्धान गरिएका दशैओटा विद्यालयहरुमा कक्षाकोठामा उपयुक्त झ्याल ढोकाको व्यवस्थापन गरेकाले विद्यार्थी बस्ने ठाँउमा प्रकाशको यचित व्यवस्था भएको तथा कक्षा कोठाको आकार अनुसार आवश्यक मात्रामा झ्याल ढोकाको व्यवस्था गरेको पाईयो ।

### ४.१.५ शैक्षिक सामाग्री व्यवस्थापन

शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी बनाई विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्न शैक्षिक सामाग्रीको निर्माण र व्यवस्थापन गर्नु पर्दछ । जसले शिक्षकलाई प्रभावकारी रुपमा शिक्षण गर्न तथा विद्यार्थीलाई सिकेका कुरा लामो समय सम्म स्मरण गर्न सजिलो हुन्छ । अध्ययन गरिएका विद्यालयहरुमा आवश्यक मात्रामा शैक्षिक सामाग्री नभएको, भएका सामाग्रीहरुको प्रयोग न्यून मात्रामा भएको तथा शिक्षकहरुले पनि आवश्यक शैक्षिक सामाग्रीहरु निर्माण नगर्ने गरेका पाईयो ।

### ४.१.६ अभिलेख व्यवस्थापन

विद्यालयका सबै तथ्याङ्कहरुलाई व्यवस्थित गर्न र व्यवस्थित गरिएका तथ्याङ्कका आधारमा योजना निमार्ण, योजना कार्यान्वयन र भविश्यका कार्यक्रमहरुको व्यवस्था गर्नु पर्ने हुन्छ अभिलेख व्यवस्थापनले विद्यालयको काम कार्वाहीको पारदर्शिता बढाउने गर्दछ । विद्यालयमा विद्यार्थी तथ्याङ्क,शिक्षक तथ्याङ्, भौतिक सुविधाका तथ्याङ्,आर्थिक कारोबारका तथ्याङ्,बैठकका तथ्याङ्कजस्ता विभिन्न सूचनाहरु रहेका हुन्छन । नमुना छनोटमा परेका विद्यालयहरुको अध्ययन गर्दा सबै विद्यालयहरुले आफ्ना तथ्याङ्कहरुलाई शैक्षिक व्यवस्थापन सूचना प्रणालीपद्धति मा कम्प्युटरको माध्यमबाट व्यवस्थित गरेको पाईयो ।

सबै विद्यालयहरुले सबै प्रकारका शैक्षिक योजनाहरु निमार्ण गरी सोही अनुरुप विद्यालयका कार्यक्रमहरु सञ्चालन गर्ने गरेको, विद्यार्थी सङ्ख्या अनुरुप शिक्षक दरबन्दी नरहेको पाईयो, आवश्यक मात्रामा शैक्षिक समाग्री नरहेको पाईयो । विद्यालयका तथ्याङ्कहरुलाई शैक्षिक सूचना प्रणाली पद्धतिमा कम्प्युटरको माध्यम बाट व्यवस्थित गर्ने गरेको देखिन्छ ।

## ४.२  विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका

विद्यालय समाजका लागि समाजमा खुल्छन् तसर्थ विद्यालय लाई सुचारु रुपले सञ्चालन गर्न समुदायका मानिसहरुको योगदान महत्त्वपूर्ण रहन्छ । विद्यालय व्यवस्थापनमा अभिभावकको भूमिका विद्यालयको योजना निर्माण, शिक्षक नियुक्ति, विद्यालयको सामाजिक लेखा परीक्षण, स्रोत साधन जुटाउने र सोको परिचालन, विद्यालयको अनुगमन तथा मुल्याङ्कन, विद्यालयको कार्यक्रममा सहभागीता, विद्यालय व्यवस्थापनमा जनसहभागीता जुटाउने, शैक्षिक गुणस्तर वृद्धिका लागि  काम गर्ने जस्ता रहेका हुन्छन् ।त्यसैले यो शीर्षकमा विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिकाका विभिन्न पक्षहरुको चर्चा गरिएको छ ।

### ४.२.१.विद्यालयको योजना निर्माण

विद्यालयले आफ्नो लक्ष्य पुरा गर्नका लागि शैक्षिक योजना, आर्थिक योजना, कार्यक्रम तथा वजेट निर्माण, भौतिक योजना निर्माण जस्ता विभिन्न योजनाहरु निर्माण गर्नु पर्छ । यस्ता योजनाले विद्यालयलाई कहाँ लाने, विद्यालयको आगामी योजना के हुने भने स्पष्ट पार्दछ ।अत विद्यालयहरुले यस्ता योजना निर्माण गर्दा अभिभावकहरुलाई पनि सहभागी गराउनु पर्दछ । यसै गरी अभिभावकहरुले पनि विद्यालयका यस्ता खालका योजनाहरु निर्माण गर्दा आफ्नो  सहभागीता गराउनु पर्छ ।योजना निर्माणमाअभिभावकहरुलाई सहभागी गराउँदा योजना प्रति उनीहरुको अपनत्त्व बढ्न जान्छ जसले गर्दा योजना कार्यन्वयनमा मद्दत पुग्दछ । विद्यालय र अभिभावकको सहकार्यले मात्र विद्यालयको विकास सम्भव छ ।

अध्ययनको क्रममा नमुना छनोटमा परेका विद्यालयहरुको योजना निर्माणमा अभिभावकको भूमिका के छ, योजना निर्माणमा अभिभावकहरु सहभागी भएका छन छैनन्, विद्यालयले योजना निर्माणमा सहभागी गराउँछ गराउँदैन् भनीसरोकारवालाहरु सँग तथ्याङ्क संकलन गरी विश्लेषण गर्दा निम्न अनुसार पाईयो ।

तालिका ६

विद्यालयको योजना निर्माणमा शिक्षक अभिभावक संघको भूमिका

| क्र. | सरोकारवाला | जनसङ्ख्या | प्रतिक्रिया | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| स | | | महत्त्वपूर्ण रहन्छ | % | अलिअलि रहन्छ | % | रहदैन | % |
| १ | प्रधानाध्यापक | १० | ६ | ६० | ४ | ४० | – | – |
| २ | वि.व्य.स.अध्यक्ष | १० | ६ | ६० | ३ | ३० | १ | १० |
| ३ | शि.अ.स अध्यक्ष | १० | ७ | ७० | २ | २० | १ | १० |
| ४ | अभिभावक | २० | १० | ५० | ७ | ३५ | ३ | १५ |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथिको तालिकाको विश्लेषण गर्दा ६० प्रतिशत प्रधानाध्यापक, ६० प्रतिशत वि.व्य.स अध्यक्ष,७० प्रतिशत शि.अ.स अध्यक्ष, ५० प्रतिशत अभिभावक ले विद्यालयको योजना निर्माणमा  शिक्षक अभिभावक संघको भूमिका महत्त्वपूर्ण हुन्छ भनि प्रतिक्रिया दिएका छन । यसै गरी ति विद्यालयहरुमा विभिन्न योजनाहरु निर्माण गर्दा शिक्षक अभिभावक संघलाई पनि सहभागी गराउने गरेको पाईयो भने शिक्षक अभिभावक संघले पनि विद्यालय योजना निर्माणमा आफ्नो भूमिका निर्वाह गरेको पाईयो । यसै गरी ४० प्रतिशत प्रधानाध्यापक, ३० प्रतिशत वि.व्य.स अध्यक्ष,२० प्रतिशत  शि.अ.स अध्यक्ष, ३५ प्रतिशत अभिभावक ले विद्यालयको योजना निर्माणमा  शिक्षक अभिभावक संघको भूमिका अलिअलि रहन्छ भनि प्रतिक्रया दिएका छन् । यसरी ति विद्यालयहरुमा योजना निर्माण गर्दा शिक्षक अभिभावक संघलाई सहभागी नगराएको र शिक्षक अभिभावक संघले पनि योजना निर्माण आफ्नो भूमिका निर्वाह नगरेको पाईयो । १० प्रतिशत वि.व्य.स अध्यक्ष, १० प्रतिशत  शि.अ.स अध्यक्ष, १५ प्रतिशत अभिभावकले विद्यालयको योजना निर्माण गर्दा शिक्षक अभिभावक संघको भुमिका नहुने र विद्यालयको योजना निर्माण विद्यालयहरुले आफूहरुलाई सहभागी नगराउने गरेको प्रतिक्रिया दिएको पाईयो ।

यसरी हेर्दा विद्यालयको योजना निर्माणमा शिक्षक अभिभावक संघको भूमिका महत्त्वपूर्ण हुन्छ । तथापि धेरै विद्यालयहरुमा योजना निर्माणमा शिक्षक अभिभावक संघको भूमिका प्रभावकारी हुन नसकेको पाईयो ।

### ४.२.२शिक्षक /कर्मचारी नियुक्ति

विद्यालयको लक्ष्य प्राप्त गर्नका लागि विभिन्न स्रोतहरुको व्यवस्थापन गर्नु पर्ने हुन्छ । ति मध्ये शिक्षक /कर्मचारी नियुक्ति पनि एक हो । विद्यालयका अन्य सम्पूर्ण स्रोतको परिचालन गर्ने काम शिक्षक/कर्मचारीको भएकाले शिक्षक कर्मचारी नियुक्तिमा विशेष ध्यान पुऱ्याउनु पर्छ । विद्यालयले शिक्षक कर्मचारी नियुक्ति गर्दा सरोकारवालाहरुको सहभागीतामा गर्नु पर्दछ । शिक्षक /कर्मचारी नियुक्ति प्रक्रियामा अभिभावकहरुलाई पनि सहभागी गराएर नियुक्ति प्रक्रियालाई निश्पक्ष र पारदर्शी बनाउनु पर्दछ । नमुना छनोटमा परेका विद्यालयहरुमा शिक्षक कर्मचारीको नियुक्ति प्रक्रियामा शिक्षक अभिभावक संघको भूमिकालाई विश्लेषण गर्दा निम्नअनुसार पाईयो ।

**तालिका७**

**शिक्षक कर्मचारीको  नियुक्तिमा शिक्षक अभिभावक संघको भूमिका**

| क्र.स | शिक्षक कर्मचारीको नियुक्ति प्रक्रिया | नियुक्ति सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षक अभिभावक संघ सहित सरोकारवालाको समन्वयमा | ६० | ३८ |
| २ | विद्यालय प्रशासनको निर्णयबाट | ८० | ५१ |
| ३ | राजनीतिक दवाबबाट | १७ | ११ |
|  | **जम्मा** | **१५७** |  |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथिको तालिकालाई विश्लेषण गर्दा ३८ प्रतिशत शिक्षक कर्मचारी नियुक्ति प्रक्रियामा शिक्षक अभिभावक संघ सहीत सरोकारवालाहरुको सहभागीता पाइयो । त्यसैगरी ५१ प्रतिशत शिक्षक कर्मचारी विद्यालय प्रशासनको निर्णया बाट नियुक्ति गरेको पाईयो ।शिक्षक सेवा आयोग बाट सिफारिसका आधारमा स्थायी नियुक्ति  विद्यालय प्रशासनले गर्ने भएकाले

ठूलो सङ्ख्यामा शिक्षक नियुक्ति विद्यालय प्रशासनको निर्णबाट भएको पाईयो । यसै गरि ११ प्रतिशत शिक्षक कर्मचारी राजनीतिक दबाबका आधारमा नियुक्ति गरेको पाइयो । यसरी हेर्दा शिक्षक कर्मचारी नियुक्ति प्रक्रियामा शिक्षक अभिभावक संघको भूमिका महत्त्पूर्ण हुने भएता पनि अध्ययन गरिएकाविद्यालयमा शिक्षक कर्मचारी नियुक्ति प्रक्रियामा शिक्षक अभिभावकको भूमिका सन्तोषजनक नरहेको पाईयो ।

### ४.२.३स्रोत साधनको व्यवस्थापन र परिचालन

शिक्षाको प्रक्रियामा आर्थिक, भौतिक, मानविय तथा प्राविधीक जस्ता विभिन्न स्रोतहरुको आवश्यकता पर्दछ । स्रोत साधनको उचित व्यवस्थापन तथा परिचालनले मात्र विद्यालयको लक्ष्य प्राप्ति गर्न सकिन्छ । यस्तो अवस्थामा सामुदायिक विद्यालयका लागि आवश्यक स्रोत साधनहरु नेपाल सकारले उपलब्ध गराउँदै आएको छ । तथापि सरकारले उपलबध गराँउदै आएको स्रोत साधन पऱ्याप्त नभएकाले विद्यालयले पुँजीगत खर्च र नियमित खर्च जुटाउन विभिन्न निकायहरुको भर पर्नु पर्ने अवस्था आएको छ । यस्तो अवस्थामा विद्यालयका लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापन र परिचालन गर्नका लागि शिक्षक अभिभावक संघको भूमिका महत्त्वपूर्ण भूमिका रहने गर्दछ । अभिभावहरु पनि समाजकै सदस्य हुन विद्यालय पनि उनीहरुकै लागि खुल्ने गर्दछन । यस्तो अवस्थामा समाज सेवाको उद्दतभावना, दान दातब्यबाट पुण्यआर्जन गर्ने लालसा, समुदायको विकास होस भन्ने चाहाना, समुदायको सदस्य भएपछि अरु सरह सहयोग गर्नु पर्छ भन्ने भावनाले  अभिभावकले विद्यालयलाई सहयोग गर्नु पर्दछ । जग्गा दान गर्ने, भवन निर्माणमा श्रम सहयोग गर्ने, निर्माण सामाग्री जुटाउने, खानेपानी तथा शौचालयका लागि सहयोग गर्ने, शिक्षक कर्मचारीको व्यवस्थापन गर्ने जस्ता कार्य गर्नका लागि अभिभावकको भूमिका रहने गर्दछ ।

नमुना  छनोटमा परेका विद्यालयको अध्ययन गर्दा सबै विद्यालयहरुको स्रोत साधन व्यवस्थापन र परिचालनमा अभिभावक को योगदान रहेको पाईयो । विद्यालय स्थापना गर्दा जग्गा दान गर्ने, भौतिक निर्माणमाश्रमदान गर्ने, विद्यालयलाई चन्दा दिने, निर्माण सामाग्री जुटाउने तथा समय –समयमा विद्यालयलाई आवश्यक अन्य  स्रोत साधन जुटाउनका लागि सहयोग गर्ने गरेको पाईयो ।श्री आधारभूत विद्यालयका संस्थापक मध्येका एक श्री हर्कबहादुर श्रेष्ठ भन्नु हुन्छ

*"यो विद्यालय स्थापना गर्दा मैले मेरो घर भत्काएर विद्यालयका लागि आवश्यक काठ उपलब्ध गराएको हुँ"* ।

उहाँको भनाई बाट पनि विद्यालयका लागि आवश्यक स्रोत जुटाउन र परिचालन गर्न अभिभावकहरु ले महत्त्वपूर्ण योगदान गर्ने गरेको देखिन्छ ।

### ४.२.४ विद्याललयको गतिविधिको अनुगमन तथा मूल्याङ्कन

आफ्ना छोराछोरीलाई विद्यालय पठाएर मात्रै अभिभावकको भूमिका सकिँदैन । तसर्थ उनीहरुले आफ्ना छोराछोरी अध्ययन गर्ने विद्यालयको शैक्षिक गतिविधिको पनि निरन्तर अनुगमन गर्नु पर्दछ । विद्यालय तथा शिक्षकहरुसँग विद्यालय तथा आफ्ना छोराछोरीको शैक्षिक क्रियाकलाप बारे छलफल तथा अन्तरक्रिया गर्नु पर्छ । विद्यालयका शैक्षिक समस्याहरुको खोजी गर्नु पर्दछ । जसका लागि निरन्तर रुपमा विद्यालयको भ्रमण,अनुगमन तथा मूल्याङ्कन गरि आवश्यक सल्लाह तथा सुझाव दिनु पर्दछ । यसरी हेर्दा विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि शिक्षक अभिभावक संघको भूमिका महत्त्वपूर्ण हुन्छ । अध्ययनको क्रममा नमुना छनोटमा परेका विद्यालयहरुको अध्ययन गर्दा विद्याललयको गतिविधिको अनुगमन तथा मूल्याङ्कनमा शिक्षक अभिभावक संघको भूमिका निम्नअनुसारको पाईयो ।

**तालिका ८**

**विद्यालयको गतिविधिको अनुगमन तथा मूल्याङ्कनमा शि.अ.स.को भूमिका**

| क्र.स | विद्याललयको शैक्षिक गतिविधिको अनुगमन तथा मूल्याङ्कनका लागि शि.अ.स ले गरेका कार्य | शि.अ.स. अध्यक्ष | प्रतिशत |
|---|---|---|---|
| | निरन्तर रुपमा विद्यालयको भ्रमण,अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्ने गरेको । | ३ | ३० |
| १ | कहिलेकाहीँ विद्यालय तथा शिक्षकहरुसँग विद्यालय तथा आफ्ना छोराछोरीको शैक्षिक क्रियाकलाप बारे छलफल तथा अन्तरक्रिया गर्ने गरेको । | २ | २० |
| ३ | विद्यालयले बोलाए मात्र जान । | ५ | ५० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथिको तालिकालाई अध्ययन गर्दा ३० प्रतिशत शिक्षक अभिभावक संघका अध्यक्षहरुलेनिरन्तर रुपमा विद्यालयको भ्रमण,अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्ने गरेको पाईयो । २० प्रतिशत शिक्षक अभिभावक संघका अध्यक्षहरुले कहिलेकाहीँ विद्यालय तथा शिक्षकहरुसँग विद्यालय तथा आफ्ना छोराछोरीको शैक्षिक क्रियाकलाप बारे छलफल तथा अन्तरक्रिया गर्ने गरेको पाईयो । यसैगरी ५० प्रतिशत शिक्षक अभिभावक संघका अध्यक्षहरुले विद्यालयले बोलाए मात्र जान गरेको पाईयो ।

यसरी हेर्दा अझै पनि ठूलो सङ्ख्यामा अभिभावकहरु विद्यालयले बोलाए मात्र विद्यालयको भ्रमण गर्ने तथा आफ्ना छोराछारीको शैक्षिक अवस्थाको बारेमा शिक्षक तथा विद्यालय सँग छलफल तथा अन्तरक्रिया गर्ने गरेको देखिन्छ भने थोरै मात्र अभिभावकहरु विद्यालयमा निरन्तर विद्यालयमा उपस्थित भएर विद्यालयको भ्रमण, अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्ने गरेको पाईयो ।

### ४.२.५ सामाजिक लेखापरीक्षण

विद्यालयको विद्यालय सुधार योजना, विद्यालयसँग अभिलेखहरू, अन्य दस्तावेज र विद्यालयको सम्पूर्ण गतिविधिहरुको गुणात्मक तथा परिमाणात्मक परिक्षण गर्नु पर्छ । यस्तो खालको सामाजिक लेखापरिक्षण गर्न शिक्षक अभिभावक संघको भूमिका महत्त्वपूर्ण हुन्छ । विद्यालयको सामाजिक लेखापरिक्षण समितिको संयोजक शिक्षक अभिभावक संघको अध्यक्ष रहने गर्दछ । यसरी हेर्दा विद्यालयको सामाजिक लेखापरिक्षण गर्न शिक्षक अभिभावक संघको भूमिका देखिन्छ ।

अध्ययनको क्रममा नमुना छनोटमा परेका विद्यालयहरुको सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिका अध्ययन गर्दा सबै विद्यालयहरुले समयमै सामाजिम लेखापरिक्षण गरेकाले शिक्षक अभिभावक संघले आफ्नो भूमिका प्रभावकारी ढङ्गले निर्वाह गरेको पाईयो ।

### ४.२.६ विद्यालय व्यवस्थापनमा जनसहभागीता जुटाउने

कुनै पनि सामाजिक संघ-संस्था आँफै चल्दैन । त्यसका लागि जनसहयोगको आवश्यकता पर्दछ । विद्यालय पनि सामाजिक संस्था भएकाले जनसहयोग बिना विद्यालय

चल्न सक्दैन । विद्यालयका लागि आवश्यक आर्थिक, भौतिक तथा अन्य स्रोतहरु जुटाउन पर्दछ । जनसहभागीताबाट यस्तो स्रोत जुटाउन सकिन्छ । यस्तो अवस्थामा शिक्षक अभिभावक संघले विद्यालयका लागि आवश्यक परेको बेला जनसहभागीता जुटाउनु पर्छ । त्यसका लागि शिक्षक  अभिभावक संघको भूमिका महत्त्वपूर्ण हुन्छ ।

अध्ययन गरिएका विद्यालयका शिक्षक अभिभावक संघले विद्यालय व्यवस्थापनमा जनसहभागीता जुटाउन का लागि आवश्यक काम गरेको पाईयो । उनीहरुले विद्यालयका लागि आवश्यक पर्दा जनसहभागीता जुटाउनका लागि पहल गर्ने गरेको पाईयो  ।

### ४.२.७शैक्षिक गुणस्तर वृद्धिका लागि  काम गर्ने

शिक्षण सिकाईलाई प्रभावकारी र स्तरीय बनाउन, विद्यालय सुसञ्चालन गर्न  पनि अभिभावकको सहभागीता आवश्यक हुन्छ । विद्यार्थी सिकाइ उपलब्धि वृद्धि गर्न विद्यालयले मात्र सम्भव हुदैन जसका लागि अभिभावकले पनि हरतरहले विद्यालयलाई सहयोग गर्नु पर्छ । उनीहरुलाई अध्ययनका लागि उचित वातावरण निर्माण गर्ने, विद्यालय प्रशासन तथा शिक्षकहरु भेटघाट गरी आफ्ना बालबालिकाको बारेमा जानकारी लिने र आवश्यक परेको बेलामा सहयोग गर्ने जस्ता कुरामा शिक्षक अभिभावक संघको भूमिका महत्त्वपूर्ण हुन्छ । विद्यालय तथा शिक्षकहरुसँग विद्यालय तथा आफ्ना छोराछोरीको शैक्षिक क्रियाकलाप बारे निरन्तर छलफल तथा अन्तरक्रिया गर्ने गर्नु पर्दछ ।आफ्ना बालबालिकालाई नियमति रुपमा विद्यालय पठाउनु पर्दछ । उनीहरुका लागि आवश्यक किताब, कापी, खाजाको व्यवस्था नियमित रुपमा गर्नु पर्दछ । बालबालिकालाई पढाई प्रति प्रोत्साहन गर्नु पर्दछ । नमुना छनोटमा परेका विद्यालयकोशैक्षिक गुणस्तर वृद्धिका लागिशिक्षक अभिभावक संघको भुमिका अध्ययन गर्दा निम्नअनुसार पाईयो ।

## तालिका ९

### शैक्षिक गुणस्तर वृद्धिमा शि.अ.सं.को भूमिका

| क्र.स | भूमिका | अभिभावक | % | शि.अ स अध्यक्ष | % | वि.व्य.स अध्यक्ष | % |
|---|---|---|---|---|---|---|---|
| १ | शिक्षकहरुसँगआफ्ना छोराछोरीको शैक्षिक क्रियाकलाप बारे निरन्तर छलफल तथा अन्तरक्रिया गर्ने । | ४ | २० | ३ | ३० | ३ | ३० |
| २ | विद्यार्थीको परीक्षफल लिन मात्र विद्यालय जाने । | ५ | २५ | २ | २० | - | |
| ३ | छात्रवृत्ति लिन मात्र विद्यालय जाने । | ८ | ४० | १ | १० | - | |
| ४ | शैक्षिक गुणस्तर वृद्धिका लागि विद्य ालयलाई सुझाव दीने | १ | ५ | ३ | ३० | ४ | ४० |
| ५ | पढाईका लागि बालबालिकालाई प्रोत्साहन गर्ने । | २ | १० | १ | १० | ३ | ३० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथिको तालिकालाई अध्ययन गर्दा २० प्रतिशत अभिभावक, ३० प्रतिशत शि.अ.सं अध्यक्ष, ३० प्रतिशत वि.व्य.स अध्यक्षहरु शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुसँग छोराछोरीको शैक्षिक क्रियाकलाप बारे निरन्तर छलफल तथा अन्तरक्रिया गर्ने गरेको पाईयो । त्यसैगरी २५ प्रतिशत अभिभावक, २० प्रतिशत शि.अ.सं अध्यक्ष विद्यार्थीको परीक्षाफल लिन मात्र विद्यालय जाने गरेको देखिन्छ । ४० प्रतिशत अभिभावक, १० प्रतिशत शि.अ.सं अध्यक्ष छात्रवृत्ति लिन मात्र विद्यालय जाने गरेको पाईयो भने ५ प्रतिशत अभिभावक, ३० प्रतिशत शि.अ.सं अध्यक्ष, ४० प्रतिशत वि.व्य.स अध्यक्षहरु शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यालयलाई सुझाव दिने गरेको पाईयो । यसैगरी १० प्रतिशत अभिभावक, १० प्रतिशत

शि.अ.सं अध्यक्ष, ३० प्रतिशत वि.व्य.स अध्यक्षहरु शैक्षिक गुणस्तर वृद्धि गर्न पढाईका लागि बालबालिकालाई प्रोत्साहान गर्ने गरेको पाईयो ।

यसरी हेर्दा ठुलो मात्रामा अभिभावकहरुविद्यार्थीको परीक्षफल लिन, छात्रवृत्ति लिन मात्र विद्यालय जाने गरेको पाईयो उनीहरुले विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि कुनै भूमिका निर्वाह गर्न नसकेको पाईयो । थोरै मात्र अभिभावक, शिक्षक अभिभावक संघका अध्यक्ष र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुले विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि आफ्नो भूमिका निर्वाह गरेको पाईयो ।

विद्यालय व्यवस्थापनमा अभिभावकको भूमिका महत्त्वपूर्ण हुन्छ । अध्ययन गरिएका विद्यालयहरुमा विद्यालयको नीति तथा योजना निर्माणमा शिक्षक अभिभावक संघको भूमिका प्रभावकारी नरहेको देखिन्छ । शिक्षक तथा कर्मचारी नियुक्तिका पनि शिक्षक अभिभावक संघको संलग्नता नरहेको दखिन्छ । त्यस्तैगरी शिक्षकाको गुणस्तर वृद्धि गर्नका लागि पनि ठोस कार्य गर्न नसकेको पाईयो भने विद्यालयको अनुगमन र मूल्याङ्कनमा पनि शिक्षक अभिभावक संघको भूमिका कमजोर पाईयो । यद्यपि विद्यालयको सामाजिक लेखापरीक्षण गर्न, विद्यालयलाई आवश्यक पर्दा जनश्रमदान गर्न र जनसहभागीता जुटाउनका लागि भने शिक्षक अभिभावक संघले आफ्नो भूमिका निर्वाह गरेको देखिन्छ ।

## ४.३ विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका लाई प्रभाव पार्ने तत्त्वहरु

विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका महत्त्वपूर्ण हुने गर्दछ । तर विद्यालय व्यवस्थापनमा उनीहरुको भूमिकालाई विभिन्न तत्त्वहरुले प्रभाव पारिरहेको हुन्छ । अभिभावको शैक्षिक चेताको स्तर,आर्थिक-सामाजिक अवस्था, घर देखि विद्यालय सम्मको दुरी, समयको अभाव, शिक्षक तथा विद्यालय सँगको सम्बन्ध आदी जस्ता पक्षहरुले प्रभाव पारिरहेको हुन्छ । यस शीर्षकमा विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिकालाई प्रभाव पार्ने विभिन्न पक्षहरुको बारेमा चर्चा गरिएको छ ।

### ४.३.१ अभिभावकको शैक्षिक चेतनाको स्तर

शैक्षिक चेतनाले मानिसलाई आफ्नो अधिकार र कर्तव्यको ज्ञान गराउँदछ । यसका साथै अभिभावकहरुलाई शिक्षाको महत्त्व, विद्यालयको महत्त्व, विद्यालय व्यवस्थापनमा आफ्नो

भूमिका, विद्यालय तथा आफ्ना बालबालिका प्रतिको जिम्मेवारीको बोध गराउँछ । विद्यालय व्यवस्थापनमा वा बालबालिकाको शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यालय र शिक्षकको भूमिका मात्र पर्याप्त रहदैन । विद्यालय स्थापना गर्न तथा नियमित रुपले विद्यालय सुचारु थर्न अभिभावकको भूमिका आवश्यक पर्दछ । जसका लागि सचेत तथा शिक्षित अभिभावहरुको आवश्यकता पर्दछ । सचेत तथा शिक्षित अभिभावहरुले मात्र विद्यालय व्यवस्थापनमा आफ्नो भूमिका प्रभावकारी रुपमा निर्वाह गर्न सक्छन् । अध्ययनको क्रममा नमुना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, शि.अ.स अध्यक्ष, वि.व्य.स. अध्यक्ष र अभिभावकहरु सँग छलफल गर्दा अभिावकको शैक्षिक चेतनाको स्तर निम्नअनुसार पाईयो ।

**तालिका १०**

**अभिभावक, वि.व्य.स अध्यक्ष र शि.अ.स अध्यक्षको शैक्षिक योग्यता**

| क.स | शैक्षिक योग्यता | अभिभावक | प्रतिशत | शि.अ.स अध्यक्ष | प्रतिशत | वि.व्य.स अध्यक्ष | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | निरक्षर | १० | ५० | ३ | ३० | २ | २० |
| २ | साधारण लेखपढ | ६ | ३० | ३ | ३० | ४ | ४० |
| ३ | +२ | ३ | १५ | ३ | ३० | २ | २० |
| ४ | +२भन्दा माथि | १ | ५ | १ | १० | २ | २० |
| | **जम्मा** | **२०** | | **१०** | **१००** | **१०** | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथिको तालिकालाई विश्लेषण गर्दा ५० प्रतिशत अभिभावक,३० प्रतिशत शिक्षक अभिभावक संघ अध्यक्ष, २० प्रतिशत विद्यालय व्यवस्थापन समिति अध्यक्ष निरक्षर रहेको पाईयो । यसै गरी ३० प्रतिशत अभिभावक, ३० प्रतिशत शिक्षक अभिभावक संघ अध्यक्ष, ४० प्रतिशत विद्यालय व्यवस्थापन समिति अध्यक्ष साधारया लेखपढ गर्न जान्ने पाईयो भने १५ प्रतिशत अभिभावक, ३० प्रतिशत शिक्षक अभिभावक संघ अध्यक्ष, २० प्रतिशत विद्यालय व्यवस्थापन समिति अध्यक्षले +२सम्मको अध्ययन गरेको पाईयो । यसै गरी ५ प्रतिशत अभिभावक, १० प्रतिशत शिक्षक अभिभावक संघ अध्यक्ष, २० प्रतिशत विद्यालय व्यवस्थापन समिति अध्यक्षले +२भन्दा माथि सम्मको अध्ययन गरेको पाईयो ।

यसरी हेर्दा ठूलो मात्रामा अभिभावक, शिक्षक अभिभावक संघ अध्यक्ष, विद्यालय व्यवस्थापन समिति अध्यक्षहरु अझै पनि निरक्षर रहेका छन् । जसले गर्दा उनीहरु विद्यालय व्यवस्थापनमा आफ्नो भूमिका के हुने भन्ने कुरामा जानकार छैनन् । विद्यालय र आफ्ना बालबालिकाको शिक्षा प्रति आफ्नो के कस्तो कर्तव्य हुन्छ भन्ने कुराको ज्ञान उनीहरुलाई हुँदैन । जसले गर्दा उनीहरु शैक्षिक चेतनाको स्तरले विद्यालय व्यवस्थापनमा उनीहरुको भूमिकालाई प्रत्यक्ष प्रभाव पारिरहेको पाईयो ।

### ४.३.२ अभिभावकको आर्थिक तथा सामाजिक स्तर

अभिभावकको आर्थिक तथा सामाजिक स्तरले पनि विद्यालय व्यवस्थापनमा उनीहरुको भुमिकालाई प्रभाव पारिरहेको हुन्छ । अभिभावकहरुको आर्थिक अवस्था कमजोर हुँदाउनीहरु आफ्ना आधारभूत आवश्यकता पुरा गर्नमै व्यस्त हुने गर्दछन । उनीहरु आफ्ना बालालिकाका लागि स्रोतहरुको जोहो गर्नमै समय खर्च गर्दछन् । जसका कारण उनीहरु विद्यालय व्यवस्थापनमा सहयोग गर्न पाउँदैनन् । त्यसै गरी उनीहरुको सामाजिक अवस्थाले पनि विद्यालय व्यवस्थापनमा प्रभाव पार्दछ । शिक्षक तथा प्रधानाध्यापक सँगको सम्बन्ध, व्यक्तिगत विचार तथा आस्था आदी जस्ता कारणले पनि विद्यालय व्यवस्थापनमा उनीहरुको भूमिकालाई प्रभाव पारिरहेको हुन्छ । सामाजिक तथा आर्थिक अवस्था मजवुत भए मात्र उनीहरुले विद्यालयमा आफ्नो योगदान गर्न सक्दछन् । अध्ययनको क्रममा नमुना छनोटमा परेका व्यक्तिहरुको आर्थिक अवस्था निम्नअनुसार पाईयो ।

तालिका ११

अभिभावक, वि.व्य.स अध्यक्ष र शि.अ.स अध्यक्षको पेशा

| क्र. स | पेशा | अभिभावक | प्रतिशत | शि.स.स अध्यक्ष | प्रतिशत | वि.व्य.स अध्यक्ष | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | खेती किसान | ७ | ३५ | ५ | ५० | ४ | ४० |
| २ | मजदुरी | ६ | ३० | ३ | ३० | ३ | ३० |
| ३ | व्यापारी | ३ | १५ | १ | १० | १ | १० |
| ४ | सरकारी जागिर | २ | १० | – | – | – | – |
| ५ | अन्य | २ | १० | १ | १० | २ | २० |
| | **जम्मा** | **२०** | **१००** | **१०** | **१००** | **१०** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथिको तालिकालाई अध्ययन गर्दा ३५ प्रतिशत अभिभावक, ५० प्रतिशत शिक्षक अभिभावक संघ अध्यक्ष, ४० प्रतिशत विद्यालय व्यवस्थापन समिति अध्यक्षको पेशा निर्वाहमुखि खेती रहेको देखिन्छ । यसैगरी ३० प्रतिशत अभिभावक, ३० प्रतिशत शिक्षक अभिभावक संघ अध्यक्ष, ३० प्रतिशत विद्यालय व्यवस्थापन समिति अध्यक्षको पेशा दैनिक ज्याला मजदुरी गर्ने गरेको पाईयो भने ३० प्रतिशत अभिभावक, १० प्रतिशत शिक्षक अभिभावक संघ अध्यक्ष, १० प्रतिशत विद्यालय व्यवस्थापन समिति अध्यक्षको पेशा व्यापार रहेको पाईयो । २० प्रतिशत अभिभावक, १०प्रतिशत शिक्षक अभिभावक संघ अध्यक्ष, १० प्रतिशत विद्यालय व्यवस्थापन समिति अध्यक्ष अन्य पेशा व्यवसाय गर्ने गरेको पाईयो ।

यसरी हेर्दा अधिकांश अभिभावक, वि.व्य.स अध्यक्ष र शि.अ.स अध्यक्षको पेशा निर्वाहमुखी खेती किसानी र दैनिक ज्याला मजदुरी रहेको पाईयो जसले गर्दा उनीहरु आफ्ना आधारभूत आवश्यकता पुरा गर्नमै समय खर्चिनु परेका पाईयो । जसका कारण विद्यालय व्यवस्थापनमा उनीहरुको भूमिकालाई प्रभाव पारिरहेको देखिन्छ ।

## ४.३.३ प्रधानाध्यापक तथा शिक्षक सँगको सम्बन्ध

विद्यालयको लक्ष्य प्राप्ति अभिभावक, प्रधानाध्यापक तथा शिक्षकबीचको सहकार्यले मात्र सम्भव हुन्छ । यी तिन पक्षको त्रिपक्षिय सहकार्यले मात्र विद्यालयको विकास गर्न सकिन्छ ।

जसकालागि प्रधानाध्यापक, शिक्षक तथा अभिभावकबीच सुमधुर सम्बन्ध हुनु पर्दछ। एकअर्काबीच हातेमालो गर्नु पर्दछ , एक अर्काबीच सहयोगको भावना बढाउनु पर्दछ तब मात्र विद्यालयको विकास सम्भव छ। विद्यालय व्यवस्थापनमा अभिभावक, प्रधानाध्यापक तथा शिक्षक महत्त्वपूर्ण हिस्सा हुन। तसर्थ उनीहरुबीचको सम्बन्धले विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिकालाई प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ।

नमुना छनोटमा परेका विद्यालका अभिभावक, शिक्षक, तथा प्रधानाध्यापकबीच को सम्बन्ध अध्ययन गर्दा सौहार्दपूर्ण रहेको पाईयो। प्राय शिक्षक तथा प्रधानाध्यापक स्थानीय रहेकाले उनीहरुको अभिभावकहरुसँगको सम्बन्ध सुमधुर रहेको पाईयो।

### ४.३.४ घर देखि विद्यालय सम्मको दुरी

विद्यालय व्यवस्थापनमा अभिभावकको भूमिकालाई प्रभाव पार्ने तत्त्व मध्ये विद्यालय देखि घर सम्मको दुरी पनि एक हो। घरदेखि विद्यालय सम्मको दुरी टाढा भएमा अभिभावकहरु नियमित रुपले विद्यालयको भ्रमण गर्न पाउँदैनन्। उनीहरु नियमित रुपले शिक्षक तथा प्रधानाध्यापक सँग अन्तरक्रिया गर्न पाउँदैनन्। विद्यालय पुगेर आउनमै उनीहरुको धेरै समय खर्च हुने हुँदा उनीहरु विद्यालय जाने इच्छा दैखाउँदैनन्। यदि घरदेखि विद्याललय सम्मको दुरी नजिक भए अभिभावकहरु नियमित रुपमा आफ्ना छोराछोरीको शिक्षको बारेमा जानकरी लिनुका साथै विद्यालय व्यवस्थापनमा आफ्नो योगदान गर्न सक्छन्।

अध्ययन गरिएका विद्यालयहरुको सेवाक्षेत्र विद्यालयबाट त्यति टाढा नरहेको पाईयो। अध्ययन गरिएको क्षेत्र ग्रामीण क्षेत्र भएपनि तराइ क्षेत्र पर्ने भएकाले घरदेखि विद्यालय सम्मको दुरी टाढन नभएकाले विद्यालय सम्म पुग्न त्यति समस्या नरहेको पाइयो।

### ४.३.५ समयको उपलब्धता

विद्यालय व्यवस्थापनमा अभिभावकको भूमिका महत्त्वपूर्ण हुँदा हुँदै पनि सम्पूर्ण समय विद्यालयलाई दिन सक्दैनन्। उनीहरु जिवन निर्वाहका लागि कुनै न कुनै पेशामा संलग्न हुन्छन्। उनीहरुले आफ्नो दैनिकीबाट समय छुट्याएर विद्यालय व्यवस्थापनमा समय दिनु पर्छ। यदि उनीहरुले आफ्नो दैनिकीबाट समय निकाल्न नसक्ने हो भने उनीहरुले विद्यालय व्यवस्थापनान योगदान गर्न सक्दैनन्। यसरी हेर्दा विद्यालय व्यवस्थापनमा अभिभावकको

समयको उपलब्धताले पनि विद्यालय व्यवस्थापनमा उनीहरुको भूमिकालाई पभाव पार्ने देखिन्छ ।

अध्ययन गरिएका विद्यालयका अभिभावक, शिक्षक अभिभावक संघका अध्यक्ष, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुसँग छलफल तथा अन्तरक्रिया गर्दा उनीहरुले आफ्नो दैनिकीमै बिताउनु परको पाईयो । जसका कारण उनीहरु विद्यालय सम्म पुगेर विद्यालय व्यवस्थापनमा योगदान गर्न नसकेको पाईयो । यसरी हेर्दा समयका उपलब्धता पनि विद्यालयको व्यवस्थापनमा अभिभावकको भूमिकालाई पभाव पार्ने तत्त्वको रुपमा रहेको पाईयो ।

विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका महत्त्वपूर्ण हुने गर्दछ । तर विद्यालय व्यवस्थापनमा उनीहरुको भूमिकालाई शैक्षिक चेताको स्तर, आर्थिक-सामाजिक समयको उपलब्धता आदी जस्ता पक्षहरुले प्रभाव पारिरहेको पाईयो ।

## ४.४ विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका अभिवृद्धि गर्नेउपायहरू

विद्यालय व्यवस्थापनमा अभिभावकको भूमिका महत्त्वपूर्ण हुन्छ । विद्यालयको योजना निर्माण, शिक्षक नियुक्ति, विद्यालयको सामाजिक लेखा परीक्षण, स्रोत साधन जुटाउने र सोको परिचालन, विद्यालयको अनुगमन तथा मूल्याङ्कन, विद्यालयको कार्यक्रममा सहभागीता, विद्यालय व्यवस्थापनमा जनसहभागीता जुटाउने, शैक्षिक गुणस्तर वृद्धिका लागि काम गर्ने जस्ता भूमिका रहेका हुन्छन् । तथापिअध्ययन गरिएका विद्यालयहरुमा विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका प्रभावकारी हुन नसकेको पाईयो । यस्तो अवस्थामा विद्यालय व्यवस्थापनमा उनीहरुको भूमिकालाई कसरी अभिवृद्धि गर्ने सकिन्छ भनि विद्यालयका प्रधानाध्यापक, शिक्षक अभिभावक संघ अध्यक्ष, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा अभिभावकहरुसँग छलफ तथा अतरक्रिया गर्दा निम्नअनुसारको प्रतिक्रिया पाईयो ।

**तालिका १२**

**विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका अभिवृद्धि गर्ने उपायहरु**

| क्र.स | भूमिका अभिवृद्धि गर्ने उपायहरू | ऋभिभावक | % | शि.अ.स अध्यक्ष | % | प्र.अ | % | वि.व्य.स अध्यक्ष | % |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयको योजना निर्माणमा अभिभावकलाई संलग्न गर्ने । | ५ | २५ | ५ | ५० | ३ | ३० | ४ | ३० |
| २ | विद्यालय र अभिभावक बीच अन्तरक्रिया गर्ने । | ४ | २० | १ | १० | २ | २० | १ | २० |
| ३ | बालबालिकाको शिक्षाको बारेमा शिक्षक तथा अभिभावक बीच छलफल गर्ने । | ७ | ३५ | १ | १० | ३ | ३० | १ | २० |
| ४ | विद्यालयको अनुगमन र मूल्याङ्कनमा अभिभावकलाई सरिक गर्ने । | ४ | २० | ३ | ३० | २ | २० | ४ | ३० |

*स्रोत : स्थलगत अध्ययन, २०७५*

माथिको तालिकालाई अध्ययन गर्दा २५ प्रतिशत अभिभावक, ५० प्रतिशत शिक्षक अभिभावक संघ अध्यक्ष, ३० प्रतिशत प्रधानाध्यापक,३० विद्यालय व्यवस्थापन समिति अध्यक्षले विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका अभिवृद्धि गर्न विद्यालयको नीति तथा योजना निर्माणमा अभिभावकलाई संलग्न गर्नु पर्ने सुझाव दिएका छन् । यसैगरी २० प्रतिशत अभिभावक, १० प्रतिशत शिक्षक अभिभावक संघ अध्यक्ष, २० प्रतिशत प्रधानाध्यापक,२० विद्यालय व्यवस्थापन समिति अध्यक्षले विद्यालय र अभिभावक बीचको निरन्तर अन्तरक्रियाले विद्यालय व्यवस्थापनमा अभिभावकको भुमिका बढाउन सकिने सुझाव प्रदान गरेको पाईयो । भने यसैगरी ३५ प्रतिशत अभिभावक, १० प्रतिशत शिक्षक अभिभावक संघ अध्यक्ष, ३० प्रतिशत प्रधानाध्यापक,२० विद्यालय व्यवस्थापन समिति

अध्यक्षले बालबालिकाको शिक्षाको बारेमा शिक्षक तथा अभिभावक बीच छलफल गरेर उनीहरुको भूमिकालाई बढाउन सकिने प्रतिक्रिया दिएका छन् । त्यस्तै यसैगरी २० प्रतिशत अभिभावक, ३० प्रतिशत शिक्षक अभिभावक संघ अध्यक्ष, २० प्रतिशत प्रधानाध्यापक,३० प्रतिशत विद्यालय व्यवस्थापन समिति अध्यक्षले विद्यालयको अनुगमन र मूल्याङ्कनमा अभिभावकलाई सरिक गराएर विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावकको भूमिकालाई अभिवृद्धि गर्न सकिने सुझाव दिएका छन् ।

यसरी हेर्दा विद्यालयको नीति तथा योजना निर्माणमा अभिभावकलाई संलग्न गराएर, विद्यालय र अभिभावकबीच विद्यालयका बारेमा निरन्तर अन्तरक्रिया गरेर, बालबालिकाको शिक्षाको बारेमा शिक्षक तथा अभिभावक बीच छलफल गरेर, विद्यालयको अनुगमन र मूल्याङ्कनमा अभिभावकलाई सरिक गराएर शिक्षक अभिभावक संघको भूमिकालाई अभिवृद्धि गर्न सकिन्छ । यस बाहेक शिक्षक नियुक्ति, विद्यालय व्यवस्थापनमा जनसहभागीता जुटाउने जस्ता कार्यमा शिक्षक अभिभावक संघलाई सरिक गराउनु पर्दछ । यस बाहेक अभिभभावकलाई विद्यालय व्यवस्थापनमा उनीहरुको भूमिका बारे शिक्षा दिनु पर्दछ ।

यसरी प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा सबै विद्यालयहरुले सबै प्रकारका शैक्षिक योजनाहरु निमार्ण गरी सोही अनुरुप विद्यालयका कार्यक्रमहरु सञ्चालन गर्ने गरेको, विद्यार्थी सङ्ख्या अनुरुप शिक्षक दरबन्दी नरहेको पाईयो, आवश्यक मात्रामा शैक्षिक समाग्री नरहेको पाईयो । विद्यालयका तथ्याङ्कहरुलाई शैक्षिक सूचना प्रणाली पद्धतिमा कम्प्युटरको माध्यम बाट व्यवस्थित गर्ने गरेको देखिन्छ ।विद्यालयहरुमा विद्यालयको नीति तथा योजना निर्माणमा शिक्षक अभिभावक संघको भूमिका प्रभावकारी नरहेको देखिन्छ । विद्यालयको अनुगमन र मूल्याङ्कनमा पनि शिक्षक अभिभावक संघको भूमिका कमजोर पाईयो । यद्यपि विद्यालयको सामाजिक लेखापरीक्षण गर्न, विद्यालयलाई आवश्यक पर्दा जनश्रमदान गर्न र जनसहभागीता जुटाउनका लागि भने शिक्षक अभिभावक संघले आफ्नो भूमिका निर्वाह गरेको देखिन्छ ।विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिकालाई शैक्षिक चेताको स्तर, आर्थिक-सामाजिक अवस्था तथा समयको उपलब्धता आदि जस्ता पक्षहरुले प्रभाव पारिरहेको पाईयो ।विद्यालयको नीति तथा योजना निर्माणमा अभिभावकलाई संलग्न गराएर, विद्यालय र अभिभावकबीच विद्यालयका बारेमा निरन्तर अन्तरक्रिया गरेर उनीहरुको भूमिकालाई अभिवृद्धि गर्न सकिने देखिन्छ ।

## परिच्छेद : पाँचनिष्कर्ष तथा सुझावहरु

यस परिच्छेदमा अध्ययनको क्रममा प्राथामिक तथ द्वितिय स्रोत बाट संकलन गरिएका विभिन्न तथ्याङ्कहरुलाई वर्णनात्मक विधि बाट ब्याख्या गरी निकालिएका निष्कर्ष तथा आवश्यक सुझावहरुलाई प्रस्तुत गरिएको छ ।

### ५.१निष्कर्ष

विभिन्न प्रश्नावली, अन्तरवार्ता सूचि, लक्षित समूह छलफल निर्देशिका तथा स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी निम्न निष्कर्ष निकालिएको छ ।

सबै विद्यालयहरुले सबै प्रकारका शैक्षिक योजनाहरु निर्माण गरी सोही अनुरुप विद्यालयका कार्यक्रमहरु सञ्चालन गर्ने गरेको, विद्यार्थी सङ्ख्या अनुरुप शिक्षक दरबन्दी नरहेको पाईयो ठूलो सङ्ख्यामा अस्थायी शिक्षकहरु नियुक्ति गरिएको,अस्थायी शिक्षकहरु विद्यालय व्यवस्थापन समितिको  निर्णय बाट गर्ने गरिएको। प्रति शिक्षक प्रतिदिन औसतमा ६ पिरीयड कक्षाभार पर्ने गरेको छ ।विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक मात्रामा कक्षाकोठाको व्यवस्थापन गरिएको, आवश्यक मात्रामा शैक्षिक सामाग्री को व्यवस्था हुन सकेको छैन् ।विद्यालयका तथ्याङ्कहरुलाई शैक्षिक सूचना प्रणाली पद्धतिमा कम्प्युटरको माध्यम बाट व्यवस्थित गर्ने गरेको देखिन्छ ।

विद्यालय व्यवस्थापनमा अभिभावकको भूमिका महत्त्वपूर्ण हुन्छ ।  विद्यालयको योजना निर्माण, शिक्षक नियुक्ति, विद्यालयको सामाजिक  लेखा परीक्षण, स्रोत साधन जुटाउने र सोको परिचालन, विद्यालयको अनुगमन तथा मूल्याङ्कन, विद्यालयको कार्यक्रममा सहभागीता, विद्यालय व्यवस्थापनमा जनसहभागीता जुटाउने, शैक्षिक गुणस्तर वृद्धिका लागि काम गर्ने जस्ता भूमिका रहेका हुन्छन् । तथापि अध्ययन गरिएका विद्यालयहरुमा विद्यालयको नीति तथा योजना निर्माणमा शिक्षक अभिभावक संघको भूमिका प्रभावकारी हुन सकेको छैन् । शिक्षक तथा कर्मचारी नियुक्तिका पनि शिक्षक अभिभावक संघको संलग्नता नरहेको देखिन्छ । त्यस्तैगरी शिक्षकाको गुणस्तर वृद्धि गर्नका लागि पनि ठोस कार्य गर्न नसकेको पाईयो भने विद्यालयको अनुगमन र मूल्याङ्कनमा पनि शिक्षक अभिभावक संघको भूमिका कमजोर देखिन्छ । यद्यपि विद्यालयको सामाजिक लेखापरीक्षण गर्न, विद्यालयलाई

आवश्यक पर्दा जनश्रमदान गर्न र जनसहभागीता जुटाउनका लागि भने शिक्षक अभिभावक संघले आफ्नो भूमिका निर्वाह गरेको देखिन्छ ।

विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका महत्त्वपूर्ण हुने गर्दछ । तर विद्यालय व्यवस्थापनमा उनीहरुको भूमिकालाई शैक्षिक चेताको स्तर, आर्थिक-सामाजिक अवस्था, समयको अभाव, शिक्षक तथा प्रधानाध्यापक सँगको सम्बन्ध, विद्यालयले अभिभावकलाई नबोलाउनु अभिभावकलाई विद्यालय व्यस्थापनमा आफ्नो भूमिका बारे जानकारी नहुनु आदी जस्ता पक्षहरुले प्रभाव पार्ने गरेको छ ।

विद्यालयको नीति तथा योजना निर्माणमा अभिभावकलाई संलग्न गराएर, विद्यालय र अभिभावकबीच विद्यालयका बारेमा निरन्तर अन्तरक्रिया गरेर, बालबालिकाको शिक्षाको बारेमा शिक्षक तथा अभिभावक बीच छलफल गरेर, विद्यालयको अनुगमन र मूल्याङ्कनमा अभिभावकलाई सरिक गराएर शिक्षक अभिभावक संघको भूमिकालाई अभिवृद्धि गर्न सकिन्छ । यस बाहेक शिक्षक नियुक्ति, विद्यालय व्यवस्थापनमा जनसहभागीता जुटाउने जस्ता कार्यमा शिक्षक अभिभावक संघलाई सरिक गराएर विद्यालय व्यवस्थापनमा उनीहरुको भूमिकालाई अभिवृद्धि गर्न सकिने देखिन्छ ।

## ५.२ सुझावहरु

यस अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा नीतिगत तह,अभ्यास तह र अनुसन्धान तहका लागि निम्न अनुसारको सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत तह

सामुदायिक विद्यालयहरुमा विद्यार्थी सङ्ख्याका आधारमा तहगत तथा विषयगत शिक्षक नियुक्ति गर्नु पर्दछ , यसै गरी माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानिय निकायको भएकाले स्थानिय निकायले विभिन्न खालका अस्थायी शिक्षकको सट्टा शिक्षक सेवा आयोग बाट सिफारीस स्थायी शिक्षक मात्र नियुक्ति गर्ने नीति अख्तियार गर्नु पर्दछ । विद्यालयलाई आवश्यक भौतिक सामाग्रीहरुको सुनिश्चितता गर्नु पर्दछ । यसैगरी विद्यालयका नीति नियम तथा योजनाहरु निर्माण गर्दा विद्यालयले अभिभावकहरुलाई अनिवार्य रुपमा संलग्न गराउनु पर्दछ । विद्यालयको काम कार्वाहीको अनुगमन,निरीक्षण र मूल्याङ्कन गर्नका लागि शिक्षक अभिभावक संघलाई अझ प्रभावकारी बनाउनु पर्दछ । विद्यालय व्यवस्थापनमा शिक्षक

अभिभावक संघको भूमिका बारे अभिभावकहरुलाई शिक्षा दिने तथा विद्यालयको सहयोगका लागि जनसहभागीता जुटाउनका लागि प्रोत्साहान गर्ने नीति लिनु पर्दछ ।

### ५.२.२ अभ्यास तह

विद्यार्थी सङ्ख्या अनुरुप तहगत तथा विषयगत शिक्षक दरबन्दीको व्यवस्था गरिनु पर्दछ । आवश्यक मात्रामा शैक्षिक समाग्रीको व्यवस्था गरिनु पर्छ । जसमा विद्यालय तथा शिक्षकहरु मिलेर सकेसम्म स्थानीय स्तरका सामाग्रीहरुको प्रयोग गरेर आवश्यक मात्रामा शैक्षिक सामाग्रीहरुको निर्माण गर्नु पर्छ ।विद्यार्थी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षक तथा अभिभावक बीच सहकार्य गर्नु पर्छ । यसै गरी विद्यालय ले नियमित रुपमा अभिभावकलाई उनीहरुको बालबालिकाको सिकाइ उपलब्धि बारे जानकारी दिने, विद्यालयको आगामी लक्ष्यको बारेमा अभिभाकलाई अवगत गराउने र सहयोगका लागि अनुरोध गरिनु पर्दछ । त्यस्तै विद्यालयको नीति तथा योजना कार्यान्वयनमा अभिभावकलाई सहभागी गराउने,विद्यालयका विभिन्न कार्यक्रमहरुमा अभिभावकहरुलाई सरिक गराउने गर्नु पर्दछ ।

यसै गरी शिक्षक अभिभावक संघलेविद्यालय र समाजको पुलको रुपमा का रुपमा काम गर्ने, विद्यार्थीहरु विद्यालय गए नगएको जानकारी लिने ,विद्यालयको सहयोगका लागि जनसहभागिता जुटाउनका लागि सहयोग गर्ने,विद्यालयमा नियमित उपस्थित भई विद्यालयको समग्र पक्षको जानकारी लिने गर्नु पर्छ । यसैगरीविद्यालय र अभिभावकबीच सम्पर्क बढाउने ,विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्ने सम्बन्धमा आवश्यक छलफल गर्ने विद्यालयको शैक्षिक समस्या पत्ता लगाई सो सम्बन्धमा आवश्यक सहयोग गर्ने, विद्यालयका शिक्षकले काम गरे नगरेको अनुगमन गर्ने विद्यालय सुधार योजनामा विद्यालयबाट सम्पादन हुने सम्पूर्ण कार्यक्रमको लेखाजोखा गरी उचित राय सल्लाह प्रदान गर्ने जस्ता कार्य गर्नु पर्दछ ।

### ५.२.३ अनुसन्धान तह

विद्यालय व्यस्थापनमा शिक्षक अभिभावक संघको भूमिका महत्त्पूर्ण हुन्छ तथापि उनीहरुको भूमिका प्रभावकारी हुन सकिरहेको छैन यस्तो अवस्थामा विद्यालय शिक्षा सँग सम्बन्धित सरोकारवाला तथा विद्यालय शिक्षा सँग सम्बन्धित अनुसन्धान गर्ने अनुसन्धाताले विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका, विद्यालय व्यवस्थापनमा शिक्षक

अभिभावक संघको भूमिकालाई प्रभाव पार्ने तत्त्व , विद्यालय व्यवस्थापनमा शि.अ.स को भूमिकालाई प्रभावकारी बनाउन उपायहरु,विद्यालय व्यवस्थानमा अभिभावकको शैक्षिक, आर्थिक तथा सामाजिक अवस्थाले पार्ने प्रभाव  जस्ता विषयहरुमा अध्ययन तथा अनुसन्धान गरी प्राप्त सुझावहरुलाई कार्यान्वयन गरिनु पर्दछ । यसै गरी विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धिमा अभिभावकको भूमिकाजस्ता विषयमा पनि सम्बन्धित निकाय तथा सरोकारवालाहरुले अनुसन्धान गरिनु पर्दछ ।

# सन्दर्भग्रन्थ -सूचि


आचार्य, पदमराज (२०७५), *माध्यमिक शिक्षक दिग्दर्शन,* काठमाडौं : पैरबी प्रकाशन ।

काफ्ले, वासुदेव र पौडेल, गिरीराज (२०६४), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ (२०७२), *शिक्षामा वैकल्पिक चिन्तन,* काठमाडौं : गुडविल पब्लिकेसन प्रा.लि ।

कोइराला , सिताराम (२०७४), *विद्यालय निरीक्षक दिग्दर्शन* , काठमाडौं : आशिष बुक्स हाउस प्रा.लि ।

खनाल, पेशल (२०७४), *शैक्षिक अनुसनधान पद्धति* , काठमाडौँ : सनलाईट पब्लिकेसन ।

गौतम, राधेश्याम (२०७४), *अभिभावक र विद्यालयको जीवन्त सम्बन्ध,* काठमाडौं : गोरखापत्र संस्थान ।

थपलिया, तुलसी (२०७३), *विद्यार्थीको शैक्षिक उपलब्धिमा अभिभावक,* शिक्षक मासिक, वर्ष ९अंक ८, काठमाडौं : ज्ञान –विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड ।

नेपाल, विमल र दाहाल, शान्तिराम (२०७३),*अनुसन्धान विधि,* धरान : एन.वि.डी.प्रकाशन

भट्टराई, केशव प्रसाद (२०६९), *सामुदायिक विद्यालय र विद्यार्थी संख्या,* सुकुना सौरभअंक ३, पब्लिक क्याम्पस प्राध्यापक सङ्घ इकाइ समिति, इन्द्रपुर, मोरङ : सुकुना बहुमुखी क्याम्पस वर्ष

वाग्ले, मनप्रसाद र शर्मा, महाश्रम (२०७४), *प्रधानाध्यापक स्रोत पुस्तक,* काठमाडौँ : हाम्रो शिक्षा परियोजना, सर्च फर कमन ग्राउण्ड र गोगो फाउण्डेसन ।

शर्मा, गोपीनाथ (२०७१),*नेपालको शैक्षिक प्रणाली,* काठमाडौं : मकालु प्रकाशन गृह ।

शिक्षा नियमावली (२०५९), काठमाडौं : नेपाल सरकार कानुनी किताब व्यवस्था समिति ।

Adhiambo,Jacinta.M (2014), *Role of Parents Teachers Association in enhancing discipline in public school,* Unpublished thesis, Ethiopiya: catholic University of Eastern Africa .

Enao, j.o. (2013) *Education Management*, Ghana : Ibadan paperback puslisher L.t.d.

Follet ,Mary parker (2013) ,*Dynamic Administration 2nd edition*,Newyork : Newyork press .

Lira, Chima (2011) ,*Role of PTA in private school administration,* Unpublished thesis, Nigeriya : University of Harcourt .

Mahamad, Zirab (2011), *Role of parents Teachers Association for Promoting Quality Education,* Unpublished thesis, Pakistan : Allama Iqbal Open University .

Nagare, Rose (2014) ,*Role ofparents in student's education ,* unpublished thesis, Nairobi : Nairobi University **.**

Okumbe, J.A.(1998), *Education Management theory and practice,* Nairobi : University press kenya.

Owusu, Abharam.s (2017) ,*Role of parents Teachers Association in enhancing students acchivement ,* Unpublished thesis,Ghana : University of Education,Winneba

http://www.simplypsychplpgy.org/vygostky.html

## अनुसुची १

**नमुनाको रुपमा छनोटमा परेका विद्यालय, प्रधानाध्यपक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष र शिक्षक अभिभावक संघ अध्यक्षको नामावली :**

| क्र. स | विद्यालयको नाम | वडा | प्रधानाध्यापक | वि.व्य.स अध्यक्ष | शि.अ.स अध्यक्ष |
|---|---|---|---|---|---|
| १ | श्री आधारभूत विद्यालय | ७ | पुरुषोत्तम भण्डारी | हरी साह | राजेन्द्र सुवेदी |
| २ | श्री महेन्द्र मा.वि(तित्रिगाछी) | ७ | काशीनाथ बराल | पर्शु आचार्य | पदम ब. माझी |
| ३ | श्री भानु आ.वि | ६ | खिलकराज घिमिरे | इन्दु अधिकारी | संगिता भट्टराई |
| ४ | श्री महेन्द्र मा.वि(चक्रघट्टी) | ६ | प्रकाश पोखरेल | भोगेन्द्र डाँगी | रमेश थापा |
| ५ | श्री भगवती आ.वि | ५ | हरी.ब कार्की | इन्द्र.ब खड्का | पविता सदा |
| ६ | श्री सरस्वति मा.वि | ५ | बम प्र. निरौला | गेविन्द चौधरी | सिता साह |
| ७ | श्री वि.पि आ.वि | ३ | टंक सुवेदी | काजीमान राउत | तेज ब. कार्की |
| ८ | श्री महेन्द्र मा.वि(नडाहा) | ३ | विदुर भट्टराई | तिर्थ वस्नेत | दिल ब. राई |
| ९ | श्री कौशिका आ .वि | २ | फणिन्द्र प्र. पौडेल | होम प्रसाद गौतम | उमेश थापा |
| १० | श्री आदर्श मा.वि | २ | प्रल्हाद भट्टराई | नरेन्द्र श्रेष्ठ | महेश मगर |

# अनुसूचि २

## नमुनाको रुपमा छनोटमा परेका अभिभावकको नामावली

| क्र.स | अभिभावकको नाम | विद्यालय |
|---|---|---|
| १ | गोपाल कोइराला | श्री आधारभूत विद्यालय |
| २ | भरत दाहाल | ,, |
| ३ | निर्मला पौडेल | श्री महेन्द्र मा.वि (तित्रिगाछी) |
| ४ | राम राउत | ,, |
| ५ | चन्दा चौधरी | श्री भानु आ.वि |
| ६ | सीता राई | ,, |
| ७ | सियालाल मेहता | श्री महेन्द्र मा.वि(चक्रघट्टी) |
| ८ | अञ्जली साह | ,, |
| ९ | रामलाल चौधरी | श्री भगवती आ.वि |
| १० | हरी सदा | ,, |
| ११ | ठगनारायण चौधरी | श्री सरस्वती मा.वि |
| १२ | राम खड्का | ,, |
| १३ | रमेश रिजाल | श्री वि.पि आ.वि |
| १४ | पिंकी राय | ,, |
| १५ | मदन लिम्बु | श्री महेन्द्र मा.वि(नडाहा) |
| १६ | पुर्णकुमारी परियार | ,, |
| १७ | रमेश श्रेष्ठ | श्री कौशिका आ .वि |
| १८ | नरबहादुर मगर | ,, |
| १९ | कमला श्रेष्ठ | श्री आदर्श मा.वि |
| २० | मनोज वि.क | ,, |

# अनुसुचि ३

## सामुदायिक विद्यालयमा शिक्षक अभिभावक संघको भूमिका

## प्रधानाध्यापकको लागि प्रश्नावली फारम

विद्यालयको नाम / ठेगाना :–

प्रधानाध्यापकको नाम :–

अनुभव वर्ष :–

क) यो प्रश्नावली एम.एड दोस्रो वर्षको शोध कार्यका लागि हो ।

ख) यो प्रश्नावली भर्दा वैकल्पिक उत्तर मध्ये सबैभन्दा उपयुक्त लागेको विकल्पमा -(✓) चिन्ह र सुझाव दिनु पर्नेमा बुँदागतरुपमा लेखिदिनु हुन अनुरोध छ ।

प्रश्न नं. १) तपाईंको विद्यालयमा शैक्षणिक योजना अन्तरगत कुन कुन योजना बनाउने गर्नु भएको छ ?

क) वार्षिक कार्य तालिका ख) वार्षिक कार्य योजना

ग) एकाई योजना घ) सबै

प्रश्न नं. २) तपाईंको विद्यालयमा शिक्षकको व्यवस्थापन कसरी गरिरहनु भएको छ ?

क) निजी स्रोत ख) स्थानीय निकाय

ग) नेपाल सरकारबाट प्राप्त अनुदानबाट

प्रश्न नं. ३) तपाईं कार्यरत विद्यालयमा शिक्षक विद्यार्थी अनुपात कति छ ?

क) १:२५ ख) १:४५

ग) १:३ भन्दा बढी ग) १:५० भन्दा बढी

प्रश्नंन ४) प्रति शिक्षक दैनिक पिरियड कति पर्छ ?

क) ४ ख) ५

ग) ६ घ) ७

प्रश्न नं. ५) तपाईंका विद्यालयमा आवश्यक मात्रामा भौतिक सामाग्रीहरु (कक्षाकोठा, डेक्स, बेन्च) छन ?

क) छ । ख) छैन ।

ग) पुगनपुग छ ।

प्रश्न नं. ६) तपाईंका विद्यालयमा आवश्यक मात्रामा शैक्षिक सामाग्रीहरु छन ?

क) छ ।　　　　　　　　　　　　　　　　ख) छैन ।

ग) पुगनपुग छ ।

प्रश्न नं. ७) तपाईंको विद्यालयमा शिक्षक अभिभावक संघ गठन भएको छ ?

क) छ ।　　　　　　　　　　　　　　　　ख) छैन ।

प्रश्न नं. ८) तपाईंको विद्यालयमा अभिभावकहरु बालबालिकाको बारेमा बुझ्न आउनु हुन्छ ?

क) नियमित आउनुहुन्छ　　　ख) आउनुहुन्न　　ग) बोलाउँदा मात्र आउनुहुन्छ

प्रश्न नं. ९) तपाईंको विचारमा विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावकको संघको भूमिका के हुन्छ ?

.............................................................................................

.............................................................................................

प्रश्न नं. १०) विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका किन प्रभावकारी हुन नसकेको होला ?

.................................................................................................

.................................................................................................

प्रश्न नं. ११) विद्यालय व्यवस्थापनमा अभिभावकको भूमिका वृद्धि गर्ने के के गर्न सकिन्छ ?

.......................................................................................

## अनुसुचि ४

## सामुदायिक विद्यालयमा शिक्षक अभिभावक संघको भूमिका

### विद्यालय व्यवस्थापन समिति अध्यक्ष र शिक्षक अभिभावक संघका अध्यक्षका लागि अन्तरवार्ता सूचि

विद्यालयको नाम / ठेगाना :–

अध्यक्षको नाम :–

क) यो अन्तरवार्ता सूचि एम.एड दोस्रो वर्षको शोध कार्यका लागि हो ।

प्रश्न नं. १) तपाइँ आफु अध्यक्ष रहेको विद्यालयमा महिनामा कति पटक भ्रमण गर्नु हुन्छ ?

.....................................................................................................

.....................................................................................................

प्रश्न नं. २) तपाईंको विद्यालयमा कस्ता शैक्षणिक योजना निर्माण गरिएको छ ?

.....................................................................................................

.....................................................................................................

प्रश्नं. ३) तपाईंको विद्यालयमा आवश्यक मात्रामा भौतिक तथा शैक्षिक सामाग्री आवश्यक मात्रामा छ ?

.....................................................................................................

.....................................................................................................

प्रश्न नं. ४) तपाइँको विद्यालयमा शिक्षकको व्यवस्थापन कसरी गरिरहनु भएको छ ?

.....................................................................................................

.....................................................................................................

प्रश्नं. ५) विद्यालयले विद्यालय व्यवस्थापनमा तपाईं सँग समन्वय गर्छ कि गर्दैन् ?

...................................................................................

प्रश्नं. ६) तपाईंले आफू अध्यक्ष रहेको विद्यालयको शैक्षिक उपलब्धि वृद्धि गर्न के कस्तो कार्य

गर्नुभएकोछ ?

.....................................................................................................

.....................................................................................................

प्रश्न नं. ७) विद्यालय व्यवस्थापनमा तपाईंको भूमिका के हुन्छ थाहा छ ?

……………………………………………………………………………………………

……………………………………………………………………………………………

प्रश्नं. ८) विद्यालय व्यवस्थापनमा तपाईं को भूमिका प्रति तपाईं सन्तुष्टि हुनुहुन्छ ?

……………………………………………………………………………………………

……………………………………………………………………………………………

प्रश्नं. ९) विद्यालयको शैक्षिक उपलब्धि वृद्धि गर्न तपाईंको र तपाईं मातहतको समिति को

भूमिका के कस्तो हुन्छ ?

……………………………………………………………………………………………

…………………………………………………………………………………………….

प्रश्नं. १०) विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघ र विद्यालय व्यवस्थापन समितिको भूमिका प्रभावकारी हुन नसक्नुको कारण के होला ?

……………………………………………………………………………………………

………………………………………………………………………………………………

प्रश्नं. ११) विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघ र विद्यालय व्यवस्थापन समितिको

भूमिका प्रभावकारी बनाउन के गर्नु पर्ला ?

……………………………………………………………………………………………

प्रश्न नं. १२) आगामी योजना केही छ ?

## अनुसुचि ५

## सामुदायिक विद्यालयमा शिक्षक अभिभावक संघको भूमिका

### नमुना छनोटमा परेका अभिभावकका लागि लक्षित समूह छलफल निर्देशिका

क) तपाईंका छोराछोरी पढ्ने विद्यालयमा तपाईं महिनामा कति पटक भ्रमण गर्नु हुन्छ ?

.............................................................................................................

ख) तपाईंका छोराछोरी पढ्ने विद्यालयको वर्तमान शैक्षिक अवस्था कस्तो छ ?

...............................................................................................................

---

ग) विद्यालयले तपाईलाई कहिले-कहिले बोलाउँछ ?

...........................................................................................................

---

घ) विद्यालय व्यवस्थापनमा तपाईंले के-कस्ता जिम्मेवारी बहान गर्नु भएको छ ?

.....................................................................................................................

ङ) विद्यालय व्यवस्थापनमा तपाईंको के भूमिका हुन्छ ?

.....................................................................................................................

च) विद्यालय व्यवस्थापनको जिम्मेवारी बहन गर्दा के कस्ता समस्याहरु आउने गरेका छन ?

...................................................................................................................

छ) विद्यालय व्यवस्थापनमा अभिभावकको भूमिका बढाउन के गर्नुपर्ला ?

.....................................................................................................................